# नेपाल पत्रकार महासंघको विधान २०६०
(पाँचौ संशोधन २०७५)

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

# नेपाल पत्रकार महासंघको विधान २०६०
(पाचौं संशोधन २०७५)

प्रस्तावनाः

प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि कार्यरत नेपाली पत्रकारलाई संगठित गरी उनीहरूको पेशागत हकहित र श्रम अधिकारको संरक्षण र संवर्द्धन गर्नु वाञ्छनीय भएकाले,

सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका नागरिक अधिकारलाई आत्मसात गर्दै,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रको वृहत्तर हितका निम्ति पारदर्शी र न्यायपूर्ण समाजको विकास गर्न,

अन्तर्राष्ट्रिय जगतमा पत्रकारिता क्षेत्रमा क्रियाशील संघ, संस्था तथा व्यक्तिहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध कायम गर्दै,

नेपाल पत्रकार महासंघको संगठनात्मक संरचना स्थापना र संचालन गर्न आवश्यक भएकाले,

नेपाल सरकारको स्वीकृति लिई यो विधान जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. नाम र प्रारम्भ :

(१) यस विधानको नाम नेपाल पत्रकार महासंघको विधान २०६० (पाचौ संशोधन २०७५) रहेको छ ।

(२) नेपाल पत्रकार महासंघलाई अंग्रेजीमा **Federation of Nepali Journalists** भनिनेछ । छोटकरीमा **FNJ** मात्र भनिनेछ ।

(३) यो विधान महासंघका सदस्य र सदस्य संस्थाहरूलाई लागू हुनेछ ।

(४) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

(१) "पत्रकार" भन्नाले छापा, प्रसारण तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आवद्ध यस विधानबमोजिम तोकिएको योग्यता पुगेको समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, स्केच, भाषा तथा श्रब्य दृश्य सम्पादक एवं स्वतन्त्र पत्रकारसमेतलाई जनाउँछ ।

(२) "आमसञ्चारमाध्यम" भन्नाले देशभरिमा सञ्चालित पत्रपत्रिका, रेडियो, टेलिभिजन, समाचार एजेन्सी र समाचार तथा समाचारमूलक कार्यक्रम उत्पादन तथा अनलाइन सेवाजस्ता आमसञ्चारका माध्यमसमेतलाई जनाउँछ ।

(३) "महासंघ" भन्नाले यस विधानबमोजिम गठन भएको नेपाल पत्रकार महासंघलाई जनाउँछ ।

(४) "सदस्य" भन्नाले नेपाल पत्रकार महासंघको विधानको दफा ४ बमोजिमको सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउँछ ।

(५) “केन्द्रीय समिति” भन्नाले विधानको दफा १६ (३) बमोजिमको महासंघको केन्द्रीय समितिलाई जनाउँछ ।

(६) “शाखा समिति” भन्नाले विधानको दफा १६(१) बमोजिमको शाखा समितिलाई जनाउँछ ।

(७) “प्रदेश समिति” भन्नाले विधानको दफा १६(२) बमोजिमको महासंघको प्रदेश समितिलाई जनाउँछ ।

(८) “केन्द्रीय सभा” भन्नाले विधानको दफा ११ बमोजिमको सभालाई जनाउँछ ।

(९) “प्रदेश सभा” भन्नाले विधानको दफा १० बमोजिमको सभालाई जनाउँछ ।

(१०) “विशेष केन्द्रीय सभा” भन्नाले विधानको दफा १२ (ग) बमोजिम बोलाइएको विशेष सभालाई जनाउँछ ।

(११) “राष्ट्रिय परिषद सदस्य” भन्नाले केन्दीय सभाको सदस्यलाई जनाउँछ ।

(१२) “प्रदेश परिषद सदस्य” भन्नाले प्रदेश सभाको सदस्यलाई जनाउँछ ।

(१३) “विधान” भन्नाले नेपाल पत्रकार महासंघको विधान २०६० (पाँचौ संशोधन २०७५) लाई जनाउँछ ।

३. महासंघको उद्देश्य :

(१) नेपाली पत्रकारहरूलाई संगठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहने,

(२) उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने,

(३) सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने,

(४) श्रमजीवी पत्रकारहरुको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि पत्रकार महासंघलाई ट्रेड युनियन संस्थाका रुपमा स्थापित गरी ट्रेड युनियन अधिकारको नेतृत्व प्रदान गर्ने

(५) पत्रकार तथा आमसञ्चारमाध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने,

(६) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका संघ, संस्थाहरूसँग प्रतिनिधिहरू आदानप्रदान गर्ने,

(७) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने,

(८) राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

(९) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक अन्य काम गर्ने ।

## परिच्छेद - २
## सदस्यता

४. प्रकार र योग्यता :

महासंघमा सदस्य, संस्थागत सदस्य, अतिथि सदस्य र मानार्थ सदस्य गरी चार प्रकारका सदस्य हुनेछन् ।

(१) सदस्य :

देहायका व्यक्तिहरू महासंघको सदस्य हुन योग्य हुनेछन् :

(क) पत्रकारिता वा अरू कुनै विषयमा स्नातक उत्तीर्ण गरी एक वर्षदेखि पत्रकारिता पेशामा लागेको व्यक्ति ।

(ख) पत्रकारिता वा अन्य कुनै विषयमा उच्चमाध्यमिक तह वा सो सरह उत्तीर्ण गरी दुई वर्षदेखि पत्रकारिता पेशामा लागेको व्यक्ति । तर, महिला, आदिवासी जनजाति, दलित, मधेशी, थारू, मुस्लिम, अपाङ्गता वा अन्य पहिचान भएका व्यक्ति र अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्र र कर्णालीका हकमा एक वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील भए पुग्नेछ ।

(ग) यो संशोधित विधान लागू हुनुभन्दा अगाडि महासंघको सदस्य रहेका व्यक्ति,

(घ) महासंघको सदस्य हुन १८ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

(२) संस्थागत सदस्य :

प्रचलित कानुनबमोजिम दर्ता भई कम्तीमा दुई वर्षदेखि पत्रकारितासँग सम्बन्धित विधागत क्षेत्रका संघसंस्थाहरूलाई केन्द्रीय समितिले महासंघको संस्थागत सदस्यता दिन सक्नेछ । तर, यस्ता संस्थाहरूमा पत्रकारितालाई नै मूल पेशाका रुपमा अँगालेका सदस्यहरू मात्र संलग्न रहेको हुनुपर्नेछ ।

(३) अतिथि सदस्य :

महासंघको केन्द्रीय समितिले नेपालमा रहेर क्रियाशील विदेशी नागरिक पत्रकारलाई निजले काम गर्ने अनुमति पाएको अवधिसम्मका लागि अतिथि सदस्यता प्रदान गर्न सक्नेछ ।

(४) मानार्थ सदस्य :

महासंघको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुऱ्याएका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई केन्द्रीय समितिले सम्मानपूर्वक महासंघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

५. सदस्यता प्राप्त गर्ने कार्यविधि :

(१) सदस्यताको लागि आवेदन, स्वीकृति र प्राप्ति देहायबमोजिम हुनेछः

(क) महासंघको सदस्यता लिन चाहने पत्रकारले योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, पत्रकारितामा निरन्तरता र क्रियाशीलताको प्रमाण र आफू कार्यरत संस्थाको नियुक्तिपत्रसहित तोकिएको ढाँचामा आफू क्रियाशील रहेको क्षेत्रको शाखा वा एशोसियट संस्थामा निवेदन दिनुपर्नेछ ।

(ख) आवेदन आफूसमक्ष आएपछि शाखा वा एशोसियट संस्थाले छानबिन गरी योग्यता पुगेका आवेदकको सदस्यता स्वीकृत गरी अनुमोदनका लागि सम्बन्धित प्रदेश समितिमा पठाउनुपर्नेछ । प्रदेश समितिले त्यस्तो विवरण प्राप्त भएको मितिले तीन महिनाभित्रै सदस्यता टुंगो लगाइसक्नु पर्नेछ ।

(ग) सदस्यतामा विवाद उत्पन्न भएमा प्रदेश समितिले छानबिन गर्न सक्नेछ । यसरी छानबिन गर्दा योग्यताबमोजिम सदस्य नहुनेलाई सदस्य बनाएको वा योग्यता हुँदाहुँदै सदस्य बन्नबाट वञ्चित गरिएको पाइएमा त्यस्तो शाखा वा एशोसिएट संस्था वा त्यस कार्यमा संलग्न पदाधिकारी वा सदस्यउपर छानबिन गर्न सकिनेछ । यस्तो कारबाहीमा त्यस्तो शाखा वा एशोसिएट संस्थाको समितिलाई सचेत, निलम्बन, भंग वा कुनै पदाधिकारी वा कुनै सदस्यको सदस्यता निलम्बन वा समाप्त गर्न सकिनेछ । तर, यस्तो कुनै प्रकारको निर्णय लिनुअघि सफाइको मौका दिइनेछ ।

(घ) कुनै शाखा वा एशोसिएट समिति भंग भएमा प्रदेश समितिले तत्काल तदर्थ समिति गठन गरी तीन महिनाभित्र विधान बमोजिमको समिति गठन गरिसक्नु पर्नेछ । निलम्बन गरिएको सदस्यले निलम्बनको अवधिभर नयाँ समिति गठनका लागि भएको चुनावमा उम्मेदवार हुन वा मतदान गर्ने पाउने छैन ।

(ङ) उपदफा (१) (ग) र (घ) उपरको कारवाहीमा चित्त नबुझेमा केन्द्रीय समितिमा पुनरावेदन गर्न सकिनेछ ।

(२) संस्थागत सदस्यतासम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) संस्थागत सदस्यता लिन चाहने पत्रकारहरूका संघसंस्थाहरूले केन्द्रीय समितिसमक्ष आवेदन दिनुपर्नेछ । यस्तो आवेदनसाथ संस्थाको दर्ता प्रमाणपत्र, विधान, लेखापरीक्षण प्रतिवेदन र नियमानुसार नवीकरण भएको प्रमाण तथा संस्थामा रहेका पदाधिकारी र सदस्यहरूको विवरण पनि पेश गर्नुपर्नेछ ।

(ख) संस्थागत सदस्यताको आवेदनमाथि केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ । यस्तो सदस्य संस्थाले महासंघको घोषित लक्ष्यबमोजिम काम नगरेको वा महासंघको उद्देश्यमा प्रतिकूल असर पार्ने काम गरेको प्रमाणित भएमा केन्द्रीय समितिले सदस्यता खारेज गर्न सक्नेछ । तर, खारेज गर्नुअघि सफाइको मौका दिइनेछ ।

(३) मानार्थ बाहेक सबै प्रकारका सदस्यताको अवधि एक वर्षको हुनेछ । हरेक वर्षको चैत्र मसान्तभित्रमा सम्बन्धित शाखामा नवीकरण गराउनुपर्नेछ । नवीकरणको विवरण शाखा वा एशोसियट संस्थाले प्रदेश समितिमा पठाउनुपर्नेछ । प्रदेश समितिले सदस्यहरूको अद्यावधिक विवरण असार मसान्तभित्रमा केन्द्रीय समितिमा पठाइसक्नुपर्नेछ ।

(४) अतिथि सदस्यताको लागि नेपालमा क्रियाशील रहेका भनी नेपाल सरकारले प्रदान गरेको आधिकारिक प्रमाणसहित केन्द्रीय समितिसमक्ष आवेदन दिनुपर्नेछ । यस्तो आवेदनको छानबिन गरी केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ ।

(५) अतिथि सदस्य र संस्थागत सदस्यले पनि तोकिएको शुल्क बुझाई प्रत्येक वर्षको चैत्र मसान्तभित्र नवीकरण गराउनुपर्नेछ ।

(६) नवीकरणका लागि पत्रकारितामा निरन्तर संलग्न रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

(७) सदस्यता स्थानान्तरणसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) महासंघका सदस्यहरूले आफ्नो कार्यक्षेत्र परिवर्तन भएअनुसार सदस्यता स्थानान्तरण गर्न सक्नेछन् ।

(ख) स्थानान्तरणका लागि प्रदेशभित्र भए सम्बन्धित शाखाको सिफारिशमा प्रदेश समितिले र अन्तर-प्रदेशमा भए प्रदेश समितिको सिफारिमा केन्द्रीय समितिले सदस्यता स्थानान्तरण गरिदिनेछ । स्थानान्तरण भएको शाखाले अभिलेख राखी नवीकरण गरिदिनुपर्नेछ ।

(८) नयाँसदस्यता स्वीकृत, अनुमोदन र स्थानान्तरण गर्ने कार्य सम्बन्धित समितिको निर्वाचन हुनुभन्दा ६ महिना पहिले भइसक्नु पर्नेछ । निर्वाचन सम्पन्न भएदेखि अर्को निर्वाचन हुनुभन्दा ६ महिना अघिसम्म जुनसुकै वेला पनि सदस्यताका लागि आवेदन दिन सकिनेछ ।

(९) मानार्थ सदस्यता महासंघको केन्द्रीय समितिले समाप्त गर्ने निर्णय नगर्दासम्म कायम रहनेछ ।

६. सदस्यता शुल्क :

(१) महासंघको सदस्यता शुल्क र त्यसको बाँडफाँडको व्यवस्था देहायबमोजिम हुनेछ :

(क) सदस्यता शुल्क वार्षिक रु. १०००।- हुनेछ । तर, नयाँ सदस्यलाई शुल्क रु. १०००।- थप लाग्नेछ । यो व्यवस्थाबमोजिमको सदस्यता शुल्क २०७४ बैशाखदेखि लागू हुनेछ ।

(ख) हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ । तर, दुई वर्षभित्र शत प्रतिशत विलम्ब शुल्क लिई सदस्यता नवीकरण गर्न सकिनेछ । लगातार दुई वर्षसम्म नवीकरण नगर्ने सदस्यको सदस्यता स्वतः

खारेज हुनेछ । यसरी सदस्यता खारेज भएका पत्रकारले पुनः सदस्य बन्न चाहेमा नयाँ प्रक्रिया शुरु गर्नु पर्नेछ ।

(ग) प्रत्येक सदस्यता तथा नवीकरण शुल्कमध्ये सदस्यता शुल्क र प्रवेश शुल्कको ५० प्रतिशत रकम केन्द्रीय पत्रकार कल्याण कोषमा राख्नु पर्नेछ । बाँकी रकमको ५० प्रतिशत सम्वन्धित शाखामा र बाँकी ५० प्रतिशत रकममध्ये आधा केन्द्रीय कार्यालय र आधा प्रदेश कार्यालयमा बैशाख मसान्तसम्ममा पठाउनु पर्नेछ ।

(घ) संस्थागत सदस्य संस्थाको सदस्यता शुल्क र नवीकरण शुल्कका हकमा साधारण सदस्यको संख्याका आधारमा केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ । सो शुल्कको ५० प्रतिशत रकम केन्द्रीय पत्रकार कल्याण कोषमा राख्नु पर्नेछ । बाँकी रकमको ५० प्रतिशत सम्वन्धित एशोसिएट संस्थामा र बाँकी ५० प्रतिशत रकममध्ये आधा केन्द्रीय कार्यालय र आधा एशोसिएट प्रदेश कार्यालयमा बैशाख मसान्तसम्ममा पठाउनु पर्नेछ ।

७. सदस्यताको समाप्ति :

(१) तल लेखिएको अवस्थामा महासंघको सदस्यता समाप्त हुनेछ :

(क) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) विधानअनुसार बुझाउनुपर्ने शुल्क नबुझाएमा,

(ग) कुनै सदस्यले विधान प्रतिकूल काम गरेको छ भन्ने दफा ३२ (घ) बमोजिमको समितिले ठहराएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा,

(ङ) पत्रकारिता पेशामा नरहेमा वा पेशा परिवर्तन गरेमा

(च) मृत्यु भएमा ।

८. सदस्यको अधिकार :

(१) महासंघका सदस्यहरुको देहाय बमोजिम अधिकार हुने छ ।

(क) सदस्यले विधानबमोजिम महासंघको निर्वाचनमा आफू उम्मेदवार हुन र मतदान गर्न पाउनेछ ।

(ख) सदस्यले सम्बन्धित सभामार्फत् महासंघको नीति निर्माणमा संलग्न हुन पाउनेछ

(ग) उपदफा (क) र (ख) को अधिकार अतिथि र मानार्थ सदस्यलाई हुने छैन ।

## परिच्छेद - ३

## अधिवेशन तथा साधारण सभा

९. हरेक तीन वर्षमा महासंघको शाखा, एशोसिएट, प्रदेश र केन्द्रको अधिवेशन/महाधिवेशन हुने छ भने कार्यकालको बीच अवधि अर्थात साढे एक वर्षमा साधारण सभा हुनेछ । अधिवेशन/महाधिवेशन तथा साधारणसभा सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ ।

(१) साधारण सभा तथा अधिवेशन/महाधिवेशनको गणपूरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ । साधारण सभा हुने तोकिएको दिनमा गणपूरक संख्या नपुगेमा, कम्तीमा २४ घण्टाको सूचना दिई अर्को साधारण सभा वा अधिवेशन बोलाउन सकिनेछ । यसरी बोलाइएको सभामा कुल साधारण सदस्यको कम्तीमा २५ प्रतिशतको उपस्थिति हुनु पर्नेछ । तर तेस्रोपटक बोलाउनु पर्ने अवस्था आएमा कम्तीमा १५ दिनको सूचना दिई सभा बोलाउनु पर्नेछ । यस्तो सभामा उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

(२) साधारण सभा वा अधिवेशन/महाधिवेशनका लागि ३० दिनअगावै प्रस्तावसहितको जानकारी यथासम्भव शीघ्र सञ्चारको माध्यमबाट सदस्यहरूलाई दिनु पर्नेछ । तर, विशेष साधारण सभा

बोलाउनुपर्दा कम्तीमा १५ दिनको सूचना दिनु पर्नेछ । विशेष साधारण सभामा प्रस्तावित विषयमा मात्र छलफल र निर्णय हुनेछ ।

(३) साधारण सभा वा अधिवेशन/महाधिवेशनमा उपस्थित सदस्यको बहुमतबाट पारित निर्णय कार्यान्वयन गर्नु सम्बन्धित समितिको दायित्व हुनेछ ।

(४) साधारण सभा वा अधिवेशन/महाधिवेशनको निर्णय पुस्तिकामा अध्यक्ष, महासचिव/सचिव तथा साधारणसभाले तोकेका कम्तीमा तीन जना सदस्यले हस्ताक्षर गरी प्रमाणित गरेको मूल अभिलेख नै निर्णय मानिनेछ ।

(५) सम्बन्धित समितिले आफूले पेश गर्नुपर्ने र सदस्यहरूबाट प्राप्त प्रस्तावहरू अध्ययन गरी साधारण सभा वा अधिवेशन/महाधिवेशनमा प्रस्तुत गर्नु पर्नेछ ।

(६) समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्नेछ । तर अधिवेशन/महाधिवेशनको बन्द सत्रको सञ्चालनका लागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

(७) साधारण सभा वा अधिवेशन/महाधिवेशनको निर्णयको प्रमाणित प्रतिलिपि सो सभा सम्पन्न भएको मितिले बढीमा सात दिनभित्र केन्द्रीय कार्यालयमा प्रस्तुत गर्नुपर्ने छ ।

(८) आमसञ्चारमाध्यमसँग सम्बन्धित विशेषज्ञलाई सम्बन्धित समितिको निर्णयले साधारण सभा वा अधिवेशन/महाधिवेशनमा आमन्त्रित गरी छलफलमा सहभागी गराउन सकिनेछ । तर, उनीहरूलाई मतदानको अधिकार हुने छैन ।

(९) जिल्ला र प्रतिष्ठान शाखाको साधारणसभा तथा अधिवेशन :

(१) शाखाको साधारण सभा तथा अधिवेशनमा सम्बन्धित जिल्ला शाखा, प्रतिष्ठान शाखाका सदस्यहरुले भाग लिनेछन् ।

(२) साधारणसभाको मिति सम्बन्धित शाखा आफै र अधिवेशनको मिति प्रदेश समितिले केन्द्रसँगको समन्वयमा तोक्ने छ । जिल्ला अधिवेशन निर्वाचन हुनुभन्दा दुई महिना पहिलेसम्म भइसक्नु पर्नेछ ।

(३) सम्बन्धित शाखाको निर्णय वा एक तिहाई सदस्यले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी लिखितरूपमा माग गरेको खण्डमा तीन महिनाभित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

१०. प्रदेश समितिको साधारणसभा र अधिवेशनः

(१) प्रदेश परिषदका सदस्यहरुको सहभागितामा प्रदेश साधारणसभा तथा अधिवेशन हुनेछ । साधारण सभा तथा अधिवेशनले महासंघको प्रदेश समितिको नीति निर्माण, कार्यसमीक्षा तथा कार्यक्रम तय गर्नेछ । प्रदेश साधारणसभा प्रदेश कार्य समितिले तोकेको मितिमा र प्रदेश अधिवेशन केन्द्रीय समितिले तोकेको मितिमा हुनेछ । प्रदेश अधिवेशन निर्वाचनभन्दा डेढ महिना (४५ दिन) पहिलेसम्म भइसक्नु पर्नेछ ।

(२) प्रदेश परिषदमा निम्न अनुसार सदस्य रहने छन् ।

(क) प्रदेश समितिका पदाधिकारी, सदस्य तथा सल्लाहकारहरू र पूर्व अध्यक्षहरू,

(ख) सम्बन्धित प्रदेश समितिअन्तर्गतका जिल्ला शाखाका अध्यक्ष, प्रतिष्ठान प्रदेशका हकमा प्रतिष्ठान शाखाका अध्यक्ष र एशोसिएट प्रदेशका हकमा एशोसिएट समितिका अध्यक्ष

(ग) महासंघको प्रदेश परिषद्मा प्रदेशभित्रका सदस्यहरुवाट प्रत्येक शाखा तथा एशोसिएट संस्थाले प्रति १५ जनामा १ (एक) जनाका दरले निर्वाचित गर्नेछन् । यसरी हिसाव गर्दा दशमलवमा आउने संख्यामा ०.५ भन्दा बढी आएमा थप १ (एक) प्रतिनिधि छानिने छन् । यस प्रकारको निर्वाचन जिल्ला, प्रतिष्ठान, एशोसिएट समितिको नयाँ नेतृत्वको निर्वाचन गर्दाकै बखत हुनेछ । यसरी निर्वाचित परिषद् सदस्यमा महिला अनिवार्यसहित राज्यको मूल कानूनले अंगिकार गरेको समावेशी सिद्धान्तका आधारमा विभिन्न समुदायका पत्रकारहरुवाट ५० प्रतिशत र खुल्लावाट ५० प्रतिशत निर्वाचित हुनुपर्नेछ । परिषद् सदस्य बन्न कम्तिमा ५ वर्षदेखि महासंघको अविछिन्न सदस्य रहेको हुनुपर्नेछ ।

(घ) पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान गरेका प्रदेश समितिले मनोनयन गर्ने बढीमा १० जना प्रदेश सभामा सहभागी गराउन सकिनेछ ।

(ङ) प्रदेश समितिको निर्णय वा एक तिहाई प्रदेश सभासदले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी लिखितरूपमा प्रदेश समितिसमक्ष माग गरेको खण्डमा तीन महिनाभित्र विशेष प्रदेश सभा बोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

११. (१) राष्ट्रिय परिषद् : महासंघको सर्वोच्च निकायका रुपमा राष्ट्रिय परिषद् रहने छ । राष्ट्रिय परिषद्को बैठक नै केन्द्रीय साधारणसभा वा महाधिवेशन हुनेछ ।

(२) राष्ट्रिय परिषद्मा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, महासंघका पूर्व केन्द्रीय सभापति एवम् अध्यक्षहरु, केन्द्रीय समितिका सल्लाहकारहरु, निवर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, प्रदेश समितिका पदाधिकारी, प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष पदेन सदस्य रहनेछन् । यसैगरी जिल्ला शाखा, प्रतिष्ठान शाखा तथा एशोसिएट संस्थाले प्रति ५० जनासम्म साधारण सदस्य रहेकोमा २ (दुई) जना परिषद् सदस्य निर्वाचित गर्नेछन् । ५० भन्दा बढी सदस्य रहेकोमा थप प्रति ५० जनामा थप १ (एक) जनाका दरले परिषद् सदस्य निर्वाचित गर्नुपर्नेछ । यसरी हिसाव गर्दा दशमलवमा आउने सङ्ख्यामा ०.५ भन्दा वढी आएमा थप १ (एक) प्रतिनिधि छानिने छन् । यस प्रकारको निर्वाचन जिल्ला, प्रतिष्ठान एशोसिएट समितिको नयाँ नेतृत्वको निर्वाचन गर्दाकै बखत हुनेछ । यसरी निर्वाचित परिषद् सदस्यमा महिला अनिवार्यसहित राज्यको मूल कानूनले अंगिकार गरेका समावेशी सिद्धान्तका आधारमा विभिन्न समुदायका पत्रकारहरुवाट ५० प्रतिशत र खुल्लावाट ५० प्रतिशत निर्वाचित हुनुपर्नेछ । समावेशी उम्मेदवार नभएमा परिषदमा खुल्लावाट निर्वाचित गर्नुपर्नेछ । परिषद् सदस्य बन्न कम्तिमा ७ वर्षदेखि महासंघको अविछिन्न सदस्य रहेको हुनुपर्नेछ ।

(३) केन्द्रीय समितिले विभिन्न पेशागत पत्रकार संगठनका अध्यक्ष तथा प्रतिनिधि, वरिष्ठ पत्रकार तथा सम्पादक, आमसञ्चार तथा सूचना प्रविधि विज्ञ एवम् विभिन्न विधागत क्षेत्रका पत्रकार मध्येबाट बढीमा ३५ जना मनोनित गर्नेछ ।

१२. महाधिवेशन र केन्द्रीय साधारणसभा

(१) हरेक तीन वर्षमा हुने केन्द्रीय सभाको बैठक नै महाधिवेशन हुनेछ । केन्द्रीय समितिको निर्वाचन हुनुभन्दा १ महिना पहिलेसम्म महाधिवेशन सम्पन्न भइसक्नु पर्नेछ ।

(२) एक महाधिवेशनपछि अर्को महाधिवेशनका बीचमा कम्तीमा एकपटक केन्द्रीय सभाको बैठक हुनेछ । यसलाई केन्द्रीय साधारण सभा भनिनेछ ।

(३) केन्द्रीय समितिको निर्णय वा केन्द्रीय सभाका एक तिहाई सदस्यले प्रयोजन खुलाई सभा बोलाइयोस् भनी केन्द्रीय कार्यालयमा लिखितरुपमा माग गरेको खण्डमा तीन महिनाभित्र विशेष केन्द्रीय सभा बोलाउनु पर्नेछ । यस्तो सभा एक वर्षमा एकपटक भन्दा बढी हुने छैन ।

१३. केन्द्रीय साधारणसभा तथा महाधिवेशनको काम, कर्तव्य र अधिकार

(१) केन्द्रीय समितिले सम्पादन गरेका कामहरूको मूल्यांकन गर्ने,

(२) केन्द्रीय समितिलाई दिएका निर्देशनहरू लागू भए/नभएको मूल्यांकन गर्ने,

(३) महासंघलाई प्रभावकारी बनाउने र विधानको उद्देश्य पूरा गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने,

(४) महासंघका समस्या पहिचान गरी समाधानका उपाय पहिल्याउने,

(५) केन्द्रीय समितिले पेश गरेका वा केन्द्रीय सभाले आवश्यक ठानेका प्रस्ताव वा प्रतिवेदनहरूमाथि सुझाव दिने वा निर्णय गर्ने,

(६) महासंघको विधान, रणनीति, नीति तथा कार्यक्रममा समयानुकूल सुधार, परिवर्तन तथा परिमार्जन गर्ने,

(७) महासंघको नीति तथा कार्यक्रम र आय व्ययको विवरणसम्बन्धी केन्द्रीय समितिका तर्फबाट महासचिव र कोषाध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनको अन्तिम सुनुवाइ गरी अनुमोदन गर्ने ।

१४. राष्ट्रिय तथा प्रादेशिक सम्मेलन :

(१) केन्द्रीय समितिले एक अवधिमा कम्तीमा एकपटक प्रदेश समितिका पदाधिकारी तथा विभिन्न शाखा तथा एशोसिएट संस्थाका अध्यक्षहरू सहभागी गराई राष्ट्रिय सम्मेलन आयोजना गर्न सक्नेछ ।

(२) प्रदेश समितिले एक अवधिमा कम्तीमा एक पटक प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, विभिन्न शाखाका अध्यक्ष, सचिव र कोषाध्यक्षको प्रादेशिक सम्मेलन आयोजना गर्न सक्नेछ । एशोसिएट प्रदेश समितिले एक अवधिमा कम्तीमा एक पटक एशोसिएट प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, एशोसिएट संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको एशोसिएट प्रादेशिक सम्मेलन आयोजना गर्न सक्नेछ ।

(३) यी भेलाका निष्कर्ष, पारित प्रस्ताव तथा कार्यक्रमलाई मार्ग निर्देशनका रूपमा ग्रहण गरी आवश्यकताअनुसार केन्द्रीय वा प्रदेश समितिले कार्यान्वयन वा अनुगमन गर्नेछ । कार्यान्वयनको जिम्मेवारी महासंघका राष्ट्रिय र प्रदेश परिषद सदस्य समेतको हुनेछ ।

## परिच्छेद - ४
## अविश्वासको प्रस्ताव

१५. अविश्वासको प्रस्ताव :

(१) महासंघका केन्द्रीय समिति वा कुनै पदाधिकारी वा सदस्यका विरुद्ध एक तिहाइ साधारण सदस्यले कारण खुलाई हस्ताक्षर गरी महासंघको केन्द्रीय कार्यालयमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् ।

(२) त्यस्तो प्रस्ताव दर्ता भएपछि केन्द्रीय समितिले ३५ दिनभित्र विशेष साधारण सभा बोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) सिङ्गो समिति वा समितिका कुनै पदाधिकारी वा सदस्यले आफूलाई लागेको अभियोगका सम्बन्धमा स्पष्टीकरण दिन पाउनेछ र यस्तो स्पष्टीकरणबाट सन्तुष्ट भएमा सभाले प्रस्ताव फिर्ता लिन सक्नेछ ।

(४) प्रस्ताव फिर्ता नभएमा यसलाई मतदानमा लगिनेछ । राष्ट्रिय परिषदका दुई तिहाइ सदस्यले समर्थन जनाएमा प्रस्ताव पारित भएको मानिनेछ । यसरी सिंगो समितिविरुद्ध प्रस्ताव पारित भएमा बाँकी अवधिका लागि तीन दिनभित्र नयाँ निर्वाचन गर्नुपर्नेछ । निर्वाचन नहुञ्जेलसम्म कुनै पदाधिकारीविरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वैकल्पिक वैधानिक व्यवस्था नरहेका हकमा समितिले तोकेबमोजिम हुनेछ ।

(५) अध्यक्षउपर अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा विशेष साधारण सभाको अध्यक्षता उपाध्यक्षले गर्नेछ । समितिविरुद्ध अविश्वासको प्रस्ताव पेश भएको अवस्थामा केन्द्रीय सभाका जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(६) महासंघका प्रदेश समिति वा प्रदेश समितिका कुनै पदाधिकारी वा सदस्यका विरुद्ध सम्बन्धित प्रदेशका एक तिहाइ साधारण सदस्यले कारण खुलाई हस्ताक्षर गरी महासंघको प्रदेश कार्यालयमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव दर्ता भएपछि प्रदेश समितिले ३५ दिनभित्र विशेष साधारण सभा बोलाई सो प्रस्ताव पेश गर्नुपर्नेछ । प्रदेश विशेष साधारण सभाको बहुमतले सो प्रस्ताव स्वीकृत गरेमा ३० दिन भित्र अविश्वास प्रस्ताव उपर मतदानका लागि प्रदेश साधारण सदस्य समक्ष लगिने छ । कुल खसेको मतको दुइ तिहाइ मत प्रस्तावको पक्षमा प्राप्त भएमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छ । त्यस्तो अवस्थामा सिंगो कार्यसमिति विरुद्धको भए केन्द्रीय समितिले अन्तरिम व्यवस्था गरी एक वर्षभन्दा बढी अवधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि नयाँ निर्वाचन गराउने छ । कुनै पदाधिकारीको पद रिक्त भए प्रदेश समितिले विधानबमोजिम पदपूर्ति गर्ने छ ।

(७) प्रदेश समिति तथा शाखा र संस्थागत समितिको अविश्वास प्रस्ताव सम्बन्धी अन्य प्रक्रियाहरू यसै परिच्छेदमा भएको व्यवस्था बमोजिम हुने छन् ।

## परिच्छेद - ५
## समिति

### १६. समितिको गठन र गठन विधि :

(१) जिल्ला शाखा, प्रतिष्ठान शाखा तथा संस्थागत समितिः महासंघका जिल्ला शाखा, प्रतिष्ठान शाखा र संस्थागत सदस्य संस्था समितिहरूलाई व्यवस्थित र विधिसम्मत तवरले सञ्चालन गर्न निर्वाचित समितिहरू हुनेछन् । तिनको गठन यस प्रकार हुनेछः

(क) शाखामा प्रत्यक्ष गोप्य मतदानद्वारा अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष १ (महिला), सचिव १, सहसचिव १, सहसचिव १ (समावेशी), कोषाध्यक्ष १ र महिला, दलित, जनजाति र मधेशी एक एक जना तथा यसमा नसमेटिएका अन्य समावेशी समुदायबाट १ जना सदस्यसहितको समिति गठन गरिनेछ ।

(ख) सदस्य संख्याका आधारमा समितिका सदस्यको संख्या निर्धारण गरिनेछ । त्यसो गर्दा १५ जनासम्म सदस्य भएमा दुई, १६ देखि १०० जनासम्म सदस्य भएमा चार, १०१ देखि २०० सम्म छ र २०० जनाभन्दा बढी सदस्य भएमा आठ जना सदस्य खुला प्रतिस्पर्धाका आधारमा चुनिनेछन् ।

(ग) महिला, दलित, जनजाति, मधेशी वा अन्य समावेशी सदस्य नरहेको शाखाका हकमा अनिवार्यताको प्रावधान लागू हुने छैन ।

(घ) शाखा अध्यक्ष हुन कम्तीमा निरन्तर सात वर्ष, प्रदेश सभासद हुन ५ वर्ष र केन्द्रीय सभासद हुन ७ बर्ष महासंघको सदस्य भएको हुनुपर्छ । नयाँ शाखाको हकमा यो प्रावधान लागू हुने छैन ।

(२) प्रदेश समितिः

महासंघमा राज्यले निर्धारण गरेअनुरूप प्रत्येक भौगोलिक प्रदेशमा एक एक वटा, काठमाडौं उपत्यका रहेको प्रदेशमा काठमाडौं उपत्यकाका तीन जिल्लालाई अलग क्षेत्र मानी एक वटा, गैरभौगोलिकतर्फ प्रतिष्ठान शाखाहरूको अलग क्षेत्र मानी एक वटा र संस्थागत सदस्यहरूको अलग क्षेत्र मानी एक वटा प्रदेश समिति रहने छन् । प्रदेश समितिको गठन यस प्रकार हुनेछः

(क) प्रदेश समितिमा प्रदेशअन्तर्गतका सबै साधारण सदस्यको प्रत्यक्ष गोप्य मतदानद्वारा अध्यक्ष १, उपाध्यक्ष १, उपाध्यक्ष (महिला) १, महासचिव १, सचिव १, सचिव (समावेशी) १, कोषाध्यक्ष १ गरी सात पदाधिकारी र सदस्यहरू खुला ५, महिला ३, दलित १, आदिवासी जनजाति २, मधेशी २ र अल्पसंख्यक १ जना गरी कुल २१ सदस्य निर्वाचित हुनेछन् । यस दफाको प्रयोजनका लागि अल्पसंख्यक भन्नाले मुस्लिम, अपांगता र अन्य पहिचान भएका व्यक्ति समेतलाई जनाउने छ ।

(ख) आरक्षिततर्फ कुनै पदाधिकारी वा सदस्यमा उम्मेदवारी कायम नरहेको अवस्थामा सो संख्या स्वतः खुलामा थप गरी संख्या कायम गरेर निर्वाचन गराइने छ ।

(ग) यस उपदफा बमोजिम गठन हुने प्रदेश समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तीमा ७ वर्ष र बाँकी अरू पदका लागि कम्तीमा ५ वर्ष महासंघको अविच्छिन्न सदस्य रहेको हुनु पर्नेछ ।

(३) केन्द्रीय समितिः

महासंघको उद्देश्य पूर्तिका लागि महासंघका सबै साधारण सदस्यहरुले आफ्नै शाखामा रहेको मतदान केन्द्रमार्फत् गोप्य मतदानबाट देहाय बमोजिमको ४९ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्नेछन्:

(क) अध्यक्ष - १
(ख) वरिष्ठ उपाध्यक्ष -१, उपाध्यक्ष (महिला) १, उपाध्यक्ष(समावेशी) -१
ग) महासचिव - १
(घ) सचिव - १
(ङ) सचिव - १ (महिला)
(च) सचिव - १ (आदिवासी जनजाति)
(छ) सचिव - १ (मधेशी)
(ज) सचिव - १ (दलित)
(झ) सचिव - १ (एसोसिएट)
(ञ) कोषाध्यक्ष - १ सहितका पदाधिकारी १२,
(ट) सदस्य -
भौगोलिक र गैरभौगोलिक प्रत्येक प्रदेशबाट
निर्वाचित २/२ जनाका दरले - २०,
खुल्ला तर्फबाट - ५,
महिला तर्फबाट- ४ (मधेसी १, आदिवासी जनजाति १, खस आर्य १ र दलित १)
दलित मध्येबाट - १ महिलासहित २,
आदिवासी जनजातिमध्येबाट - १ महिलासहित २,
मधेशी मध्येबाट - १ महिलासहित २,
अपाङ्गता भएका व्यक्ति - १,
अल्पसंख्यक - १,
जम्मा सदस्य संख्या ३७ ।

यस प्रयोजनका लागि आदिवासी जनजाति भन्नाले थारु समुदाय समेत र अल्पसंख्यक भन्नाले मुस्लिम समुदाय समेतलाई जनाउनेछ ।

(ठ) महासंघको आर्थिक सुशासन र पारदर्शिता अभिवृद्धि गर्न, त्यसका लागि महासंघलाई नीति बनाउन निर्देशन दिन र त्यसको कार्यान्वयन भए नभएको अनुगमन गर्न १ संयोजकसहित ३ सदस्यीय लेखा समिति रहने छ । समितिमा १ जना महिला सदस्य अनिवार्य रहने छ । लेखा समितिको निर्वाचन केन्द्रीय समितिको निर्वाचनसँगै साधारण सदस्यबाट हुने छ । महासंघको विधानको अधिनमा रही समितिले आफ्नो कार्यविधि तय गर्न सक्नेछ ।

(४) गोप्य मतदानबाट अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, महिला उपाध्यक्ष १, समावेशी उपाध्यक्ष १, महासचिव १, सचिव ६, कोषाध्यक्ष १ र सदस्य ३७ निर्वाचित हुनेछन् । पदाधिकारीहरु तथा खुल्ला र समावेशी तर्फका केन्द्रीय सदस्यलाई सम्पूर्ण साधारण सदस्यले मतदान गर्नेछन् । प्रदेश, प्रतिष्ठान र एशोसिएटवाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्यलाई सोही प्रदेश, प्रतिष्ठान र एशोसिएटका सदस्यहरुले मात्र मतदान गर्नेछन् ।

(५) कार्यसमिति सदस्यका हकमा : सम्बन्धित भौगोलिक क्षेत्रबाट सदस्य पदका लागि सम्बन्धित प्रदेशका महासंघका सदस्य मात्र उम्मेदवार बन्न सक्नेछन् र सम्बन्धित प्रदेशका सदस्यले मात्र मत दिनेछन् । महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता र अल्पसंख्यकबाट प्रतिनिधित्व गर्ने सदस्यका लागि सम्पूर्ण सदस्यले मतदान गर्नेछन् ।

(६) महासंघका कुनै पनि समितिको पदावधि निर्वाचन भएको मितिले तीन वर्षको हुनेछ । नयाँ शाखा गठन भएका हकमा महाधिवेशन हुने वर्ष अधिवेशन गर्नु पर्नेछ ।

(७) महासंघका जुनसुकै तहका पदाधिकारीहरू लगातार दुई पटकभन्दा बढी सोही पदमा रहने गरी उम्मेदवार हुन पाउने छैनन् ।

(८) यस उपदफा बमोजिम गठन हुने केन्द्रीय समितिको अध्यक्षको निर्वाचनमा उम्मेदवार हुन कम्तिमा १० वर्ष र बाँकी अरु पदका लागि कम्तिमा ७ वर्ष महासंघको अविच्छिन्न सदस्य हुनु पर्नेछ ।

(९)महासंघको हरेक तहका कार्य समितिमा निवर्तमान अध्यक्ष, त्यस अघिका पूर्व अध्यक्ष र समितिको निर्वाचनमा अध्यक्ष पदका निकटतम प्रतिद्वन्द्वी गरी ३ जना समितिका पदेन सल्लाहकार रहने छन् । उनीहरुको बैठकमा मतदान गर्ने बाहेकका सबै अधिकार समितिका सदस्य सरह हुने छ ।

१७. समितिको बैठक :

महासंघको केन्द्रीय समितिको बैठक चार महिनामा कम्तीमा एकपटक, प्रदेश समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक र शाखा, एशोसिएट समितिको बैठक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ । बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

१८. समितिको काम, कर्तव्य र अधिकार :

(१) केन्द्रीय समितिको कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ:

(क) स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, सूचनाको हकको अभ्यास तथा उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

(ख) श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशागत तथा भौतिक सुरक्षाको निम्ति नीतिगत तथा व्यावसायिक नेतृत्व गर्ने,

(ग) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँग सम्बन्ध विस्तारका लागि आवश्यक कार्य गर्ने,

(घ) महासंघको समग्र विकास र विस्तारका साथै प्रदेश समितिका कामकारबाहीको नियमन, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ङ) केन्द्रीय सभाले पारित गरेका निर्णय कार्यान्वयन गर्ने,

(च) महासंघको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(छ) महासंघका प्रदेश समिति, शाखा तथा प्रतिष्ठान समिति वा संस्थागत समितिहरूका बीच समन्वय र सहजीकरणका लागि आवश्यक नेतृत्व प्रदान गर्ने,

(ज) प्रदेश समिति वा प्रदेश समितिका कुनै पदाधिकारी वा सदस्यले महासंघको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने, निलम्बन वा बर्खास्त वा भंग गर्ने । निलम्बन वा बर्खास्त वा भंगको कारवाही गर्नु अघि सफाइको मौका दिनुपर्नेछ र त्यस्तो निर्णयको कारणसहितको प्रतिवेदन त्यसलगत्तैको केन्द्रीय सभामा प्रस्तुत गर्नुपर्ने छ ।

(झ) महासंघको उद्देश्य प्राप्तिका लागि आवश्यक नेतृत्व प्रदान गर्ने ।

(२) प्रदेश समितिको काम, कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ:

(क) प्रदेश भित्र स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, सूचनाको हकको अभ्यास तथा उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,

(ख) प्रदेश भित्र श्रमजीवी पत्रकारहरूको दक्षता अभिवृद्धि, आचारसंहिताको पालना, उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशागत तथा भौतिक सुरक्षाको निम्ति व्यावसायिक नेतृत्व र कार्यक्रमको सञ्चालन गर्ने,

(ग) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयमा राज्यका प्रदेश स्तरका निकायमा आवश्यक समन्वय र प्रतिनिधित्व गर्ने । एकै प्रदेशमा एकभन्दा बढी प्रदेश समिति रहेको अवस्थामा प्रत्यक्ष विषयगत मुद्दामा संस्थागत वा प्रतिष्ठान प्रदेश समितिले र अन्यमा सम्बन्धित भौगोलिक समितिले गर्ने । अधिकार क्षेत्रको थप व्याख्या केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुने छ ।

(घ) प्रदेशअन्तर्गतका समितिका कामकारबाहीको नियमन, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ङ) प्रदेश सभाले पारित गरेका निर्णय र केन्द्रीय सभा वा केन्द्रीय समितिले निर्धारण गरेका नीतिहरू कार्यान्वयन गर्ने,

(च) प्रदेशको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(छ) महासंघको सदस्यता सम्बन्धी निर्णयको अनुमोदन गर्ने, विवादको आवश्यक सुनुवाइ गरी टुंगो लगाउने ।

(ज) प्रदेश समितिअन्तर्गतका कुनै समितिका कुनै पदाधिकारी वा सदस्य वा साधारण सदस्यले महासंघको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने, निलम्बन वा बर्खास्त वा भंग गर्ने । निलम्बन वा बर्खास्त वा भंगको कारवाही गर्नु अघि सफाइको मौका दिनुपर्नेछ र त्यस्तो निर्णयको कारणसहितको प्रतिवेदन केन्द्रीय समिति र त्यसलगत्तैको प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने छ ।

(झ) महासंघको उद्देश्य प्राप्तिका लागि प्रदेश भित्र आवश्यक अन्य कार्य गर्ने ।

(३) जिल्ला शाखा, प्रतिष्ठान शाखा र संस्थागत समितिको काम, कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछः

(क) शाखा अन्तर्गतका पत्रकारको हकहित र पत्रकारिताको विकासका लागि क्रियाशील रहने ।

(ख) शाखा अन्तर्गतका पत्रकारहरूलाई समन्वय र परिचालन गर्ने ।

(ग) जिल्ला स्तरका निकायमा आवश्यक समन्वय र प्रतिनिधित्व गर्ने ।

(घ) वार्षिक कार्यक्रम तथा वार्षिक बजेट तय गरी कार्यान्वयन गर्ने,

(ङ) महासंघको सदस्यता सम्बन्धी निर्णय गरी माथिल्लो निकायमा अनुमोदनका लागि प्रस्तुत गर्ने ।

(च) शाखा अन्तर्गतका कुनै समिति वा समितिका कुनै पदाधिकारी वा सदस्य वा साधारण सदस्यले महासंघको विधानको स्पष्ट उल्लंघन हुने काम गरेमा सम्बन्धित समिति, पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण सोध्ने र थप कारवाही आवश्यक भए प्रदेश समितिमा सिफारिस गरी पठाउने ।

(छ) प्रदेश समितिको निर्देशन, साधारण सभाको निर्णय र महासंघको उद्देश्य प्राप्तिका लागि शाखाको क्षेत्र भित्र आवश्यक अन्य कार्य गर्ने ।

(ज) यस विधानमा अन्यत्र जेसुकै लेखिएको भएता पनि यस उपदफाबमोजिम गठित जिल्ला शाखा, प्रतिष्ठान शाखा र संस्थागत समिति राज्यका तीनै तह (स्थानीय तह, प्रदेश सभा र संघीय संसद) को निर्वाचन सम्पन्न नभएसम्म कायम रहने छ । तीनै तहको निर्वाचन सम्पन्न भएपछि महासंघको संगठनको ढाँचा बमोजिम बाँकी अवधिका लागि प्रदेश र स्थानीय तहको निर्वाचन हुनेछ । एउटा प्रदेशभित्र ३५ वा सोभन्दा बढी महासंघका सदस्य कार्यरत निश्चित भौगोलिक क्षेत्र वा सञ्चार प्रतिष्ठानमा प्रदेश समितिले केन्द्रीय समितिको स्वीकृति लिई शाखा गठन गर्न सक्नेछ । हाल शाखा कायम रहेका कुनै जिल्लामा ३५ भन्दा कम सदस्य संख्या भएका कारण शाखा गठन गर्न रोक लगाएको मानिने छैन । विधागत आधारमा ३५ वा सोभन्दा बढी पत्रकार सदस्य रहेका संस्थाले संस्थागत मान्यता प्राप्त गर्नेछन् । यस खण्डबमोजिम गठन हुने प्रादेशिक समिति र शाखाको काम, कर्तव्य र अधिकार विधानमा व्यवस्था नभएको हकमा तोकिएबमोजिम हुनेछ ।

१९. समिति, उपसमिति :

विधानका उद्देश्य पूर्ति गर्न र महासंघको हित सम्बर्द्धन गर्न समितिले आवश्यकता अनुसार सचिवालय, विषयगत समिति तथा उपसमिति, आयोग र कार्यदल गठन गर्न सक्नेछ । केन्द्रीय समितिले नियमावली बनाई उनीहरुको कार्यकाल, अधिकार, कार्यप्रणाली लगायतवारे स्पष्ट गर्नेछ ।

२०. अधिकार प्रत्यायोजन :

(१) समितिले आफूमा अन्तर्निहित अधिकारमध्ये आवश्यकतानुसार खास अधिकार कुनै उपसमिति, पदाधिकारी वा सदस्यलाई सुम्पन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम आफ्नो काम कर्तव्य र अधिकार सुम्पदा शर्त तोक्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिम दिएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सक्नेछ ।

२१. अध्यक्षको काम, कर्तव्य र अधिकार :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) महासंघलाई नीतिगत र सांगठनिक नेतृत्व प्रदान गर्ने,

(ख) समिति र केन्द्रीय सभाको अध्यक्षता ग्रहण गर्ने र उक्त बैठक र सभामा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

(ग) केन्द्रिय सभा र समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(घ) केन्द्रिय सभा र समितिको समय समयमा हुने सभा र बैठक बोलाउन लगाउने,

(ङ) समितिको कुनै पदाधिकारी पदमा कायम नरहेमा वैकल्पिक वैधानिक व्यवस्था नरहेका हकमा समितिका सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने । यो व्यवस्था सबै तहमा लागू हुनेछ ।

(च) विधानसँग नबाझिने गरी केन्द्रीय समितिको तर्फबाट तत्काल गर्नुपर्ने अन्य काम गर्ने ।

(छ) केन्द्रीय समितिको अध्यक्षले केन्द्रमा गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग प्रदेशको हकमा प्रदेश अध्यक्षले र शाखाका हकमा शाखा अध्यक्षले गर्नेछ ।

२२. बरिष्ठ उपाध्यक्ष तथा उपाध्यक्षको काम कर्तव्य र अधिकारः

(१) वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः : (क) अध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा, काम विशेषले देशवाहिर रहेमा वा निजको पद रिक्त भएमा कार्यबाहक अध्यक्षको रुपमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने जिम्मेवारी हुनेछ ।

(ख) महासंघका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) अध्यक्ष वा केन्द्रीय समितिवाट आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

(२) महिला उपाध्यक्षको  काम, कर्तव्य र अधिकारः (क) अध्यक्ष र वरिष्ठ उपाध्यक्ष दुवै कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा, काम विशेषले देशवाहिर रहेमा वा निजको पद रिक्त भएमा कार्यबाहक अध्यक्षको रुपमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने जिम्मेवारी हुनेछ ।

(ख) महासंघका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) अध्यक्ष वा केन्द्रीय समितिवाट आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

(३) समावेशी उपाध्यक्षको काम कर्तव्य र अधिकारः (क) अध्यक्ष, वरिष्ठ अध्यक्ष र महिला उपाध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा, काम विशेषले देशवाहिर रहेमा वा निजको पद रिक्त भएमा कार्यबाहक अध्यक्षको रुपमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने जिम्मेवारी हुनेछ ।

(ख) महासंघका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) अध्यक्ष वा केन्द्रीयसमितिवाट आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

२३. (१) महासचिवको काम, कर्तव्य र अधिकार :
(क) अध्यक्षसँग परामर्श गरी समितिको बैठक र केन्द्रीय सभा बोलाउने,
(ख) केन्द्रीय सभा र समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
(ग) महासंघका केन्द्रीय सभा र समितिका लिखित कागजातहरूको अभिलेख तयार पार्ने र सुरक्षित राख्ने,
(घ) आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,
(ङ) महासंघको लिखत प्रमाणित गर्ने,
(च) समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने,
(छ) भैपरी आउने काम गर्ने गराउने,
(ज) दैनिक प्रशासन सञ्चालन गर्ने गराउने,
(झ) विधानले तोकेबमोजिमका अन्य काम गर्ने, र
(ञ) केन्द्रीय समितिको महासचिवले केन्द्रमा गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग प्रदेशको हकमा प्रदेश महासचिवले र शाखाका हकमा शाखा सचिवले गर्नेछ ।

२४. (१) सचिवको काम, कर्तव्य र अधिकार :
(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण काम गर्ने,
(ख) महासचिवको काममा आवश्यक सहयोग पुऱ्याउने,
(ग) शाखाका हकमा सचिवको अधिकार सहसचिवले प्रयोग गर्नेछ ।

२५. (१) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :
(क) महासंघको वार्षिक आर्थिक कार्यक्रम तयार गर्ने,
(ख) महासंघको कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व बहन गर्ने,
(ग) महासंघको आय व्ययको हिसाब दुरुस्त राख्ने,
(घ) महासंघको तर्फबाट जिन्सी लगत राख्ने,
(ङ) महासंघको तर्फबाट असुल गर्नुपर्ने शुल्क तथा रकम असुल उपर गर्ने गराउने,
(च) महासंघको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन र परिचालन गर्ने,
(छ) केन्द्रीय समितिको कोषाध्यक्षले केन्द्रमा गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग प्रदेशको हकमा प्रदेश कोषाध्यक्षले र शाखाका हकमा शाखा कोषाध्यक्षले गर्नेछ ।

२६. (१) सदस्यहरूको काम, कर्तव्य र अधिकार :
समितिका सदस्यहरूले बैठकको निर्णय बमोजिम आफूलाई सुम्पिएको जिम्मेवारी पूरा गर्ने ।

२७. समितिको उत्तरदायित्व : केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू सामूहिक र व्यक्तिगत रुपले केन्द्रीय सभा र सम्पूर्ण सदस्यहरूप्रति उत्तरदायी हुनेछन् । प्रदेश तथा शाखा समितिका पदाधिकारी र सदस्यहरू सामूहिक र व्यक्तिगत रुपले सम्बन्धित सभा र सम्पूर्ण सदस्यहरूप्रति उत्तरदायी हुनेछन् ।

२८. शाखाको गठन :
(१) कुनै जिल्ला वा सञ्चार प्रतिष्ठानमा कार्यरत १५ जना वा सोभन्दा बढी क्रियाशील पत्रकारहरू महासंघको सदस्य भएमा शाखा गठन गर्न सकिनेछ । जिल्ला तहमा गठन गरिनेलाई जिल्ला शाखा र सञ्चार प्रतिष्ठानमा गठन हुनेलाई प्रतिष्ठान शाखा भनिनेछ ।

(२) अधिवेशन हुनुअघि सदस्यता अनुमोदन गरी तदर्थ समिति गठन गर्न सकिनेछ ।

(३) एउटै जिल्लामा मात्र आवश्यक संख्या नभएको स्थितिमा नजिकका जिल्लाहरूमा कार्यरत पत्रकारहरूलाई संगठित गरी संयुक्त शाखा गठन गर्न सकिनेछ ।

(४) जिल्लामा आवश्यक प्रतिनिधित्व जिल्ला शाखाले गर्नेछ ।

(५) संस्थागत सदस्यतामा विधागत संस्थालाई प्राथमिकता दिइनेछ ।

(६) विदेशमा वैधानिक रूपमा रहेका नेपाली पत्रकारहरूले गठन गरेको संस्थालाई बैदेशिक शाखाको मान्यता दिइनेछ । त्यस्तो शाखाका अध्यक्षले र अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा कार्यसमितिको निर्णय बमोजिम एक जना प्रतिनिधि महाधिवेशनमा सहभागी हुन पाउने छ । उनीहरूको काम, कर्तब्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद - ६
## केन्द्रीय कार्यालय

२९. केन्द्रीय कार्यालयको गठन :

(१) केन्द्रीय कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) दैनिक प्रशासकीय काम सञ्चालन गर्ने,

(ख) महासंघको लिखत, कार्यवृत्त पुस्तिका (माइन्युट बुक) र अभिलेख पुस्तिकाहरूको सुरक्षा गर्ने,

(ग) समितिका निर्णय र निर्देशनहरू तदारुकताका साथ कार्यान्वयन गर्ने,

(घ) पत्र व्यवहार यथासमयमा गर्ने,

(ङ) सदस्यहरूको लगत विधिवत कायम गर्ने,

(च) प्रदेशहरूसँग समय समयमा पत्र व्यवहार वा अन्य तरिकाबाट सम्पर्क गर्ने,

(छ) केन्द्रीय सभा र केन्द्रीय समिति, अन्य समिति, उपसमितिको निर्णय प्रदेश र शाखालाई जानकारी गराउने,

(२) प्रत्येक प्रदेशको राजधानीमा एउटा प्रदेश कार्यालय र शाखा रहेको क्षेत्रमा शाखा कार्यालय रहने छन् । प्रदेश तथा शाखा कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धित प्रदेश वा शाखाभित्र केन्द्रित रही उपदफा (१) बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## कोष व्यवस्थापन

३० पत्रकार कल्याण कोषः

नेपाल पत्रकार महासंघको केन्द्रमा केन्द्रीय पत्रकार कल्याण कोष र प्रदेशमा प्रदेश पत्रकार कल्याण कोष रहनेछ । सो कोषको व्यवस्थापन र सञ्चालन महासंघले तयार गरेको नियमावलीअनुसार हुनेछ । केन्द्रीय सभाको अनुमतिविना केन्द्रीय पत्रकार कल्याण कोष र प्रदेश सभाको अनुमतिबिना प्रदेश कल्याण कोषमा जम्मा भएको रकमको साँवा खर्च गर्न पाइने छैन ।

३१. कोष :

(१) महासंघको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) महासंघको कोषमा देहायका रकम आम्दानी बाँधिने छन् :

(क) सदस्यता र अन्य शुल्क,

(ख) महासंघलाई नेपाल सरकार, कुनै संस्था वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त रकम,

(ख) महासंघलाई प्राप्त भएका दान, चन्दा र सहायता,

(ग) महासंघद्वारा सम्पन्न गरिने विभिन्न कार्यक्रम र प्रकाशन-उत्पादनबाट प्राप्त भएको रकम,

(घ) महासंघले उठाएको शुल्क र उपार्जित रकम,

(ङ) अन्य रकम,

(च) प्रदेश वा सो अन्तर्गतका कुनै पनि समितिले केन्द्रीय समितिको स्वीकृति बिना अन्तर्राष्ट्रिय निकायसँग साझेदारी, पत्रचार वा सहयोग रकम लिन पाउने छैन ।

(३) कोष कोषाध्यक्षको जिम्मामा रहनेछ र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरी समितिको निर्णयअनुसार कोषको संचालन हुनेछ ।

(४) हिसाब किताब :

(क) कोषाध्यक्षले महासंघको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ र आय व्ययको प्रतिवेदन केन्द्रीय सभामा प्रस्तुत गर्नुपर्नेछ । प्रदेश समितिको कोषाध्यक्षले प्रदेशसभामा र शाखा कोषाध्यक्षले शाखा साधारणसभामा प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ ।

(ख) केन्द्रीय सभाले नियुक्त गरेको लेखापरीक्षकद्वारा महासंघको हिसाब किताब कम्तीमा वर्षको एक पटक जाँच गरिनेछ । अन्य समितिको हकमा सम्बन्धित साधारण सभाले लेखापरीक्षक नियुक्त गर्ने छ ।

## परिच्छेद - ८
## अनुशासन र आचार संहिता

३२. अनुशासन र कारबाही :

(१) महासंघको विधान तथा अनुशासनको पालना गर्नु महासंघका हरेक सदस्य तथा समिति र संस्थागत सदस्य संस्थाको कर्तव्य हुनेछ ।

(२) महासंघका केन्द्रीय समिति, प्रदेश समिति वा शाखा समितिका पदाधिकारी तथा सदस्यले सो पदमा बहाल रहेसम्म कुनै राजनीतिक दल वा भ्रातृ संगठनको कुनै पनि तहको विभाग वा समितिमा रही काम गर्न पाउने छैन ।

(३) अनुशासन पालना गरे नगरेको अनुगमन तथा त्यससम्बन्धी उजुरीको सुनुवाइ संगठन समितिले गर्नेछ ।

(४) संगठन समितिको सिफारीशमा केन्द्रीय समितिले स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने र सदस्यता खारेज गर्ने निर्णयसमेत गर्न सक्नेछ । कुनै कार्वाहीको निर्णय गर्नु अघि सफाइको मौका दिनु पर्नेछ ।

३३. आचार संहिता :

सदस्यहरूले अनुसूची २ मा रहेको आचारसंहिताको पालना गर्नुपर्नेछ । पालना नगरेमा केन्द्रीय समितिले आचार संहिता अनुगमन तथा मर्यादा निरुपण समितिमार्फत स्पष्टीकरण सोध्ने, निलम्बन गर्ने र सदस्यता खारेज गर्ने निर्णयसमेत गर्न सक्नेछ । कुनै कार्वाहीको निर्णय गर्नुअघि सफाइको मौका दिनु पर्नेछ ।

३४. पुनरावलोकन :

दफा ३२ र ३३ बमोजिमको निर्णयबाट मर्का पर्ने व्यक्तिले जानकारी प्राप्त गरेको ३५ दिनभित्र केन्द्रीय समितिमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ । केन्द्रीय समितिले ९० दिनभित्र यस उपर निर्णय दिइसक्नु पर्नेछ ।

## परिच्छेद - ९
## निर्वाचन

३५. निर्वाचन समिति र कार्यविधि :

(१) कुनै पनि तहको नेतृत्व चयन निर्विरोध भएको अवस्थामा बाहेक महासंघका प्रत्येक सदस्यले मतदान गर्ने गरी गोप्य मतदानका आधारमा गरिनेछ । सबै कार्यसमितिको निर्वाचन एकै दिन हुने गरी केन्द्रीय समितिले तोक्न सक्नेछ । यसरी मिति तोक्दा मनोनयन दर्ता र मतदानको मितिको फरक बढीमा केन्द्रका लागि १५ दिन, प्रदेशका लागि ७ दिन र शाखा, प्रतिष्ठान, एशोसिएटका लागि ३ दिन मात्र हुने छ ।

(२) कुनै पनि तहको नयाँ समितिको निर्वाचनका लागि केन्दीय समितिले तोकेको मितिमा निर्वाचन सम्पन्न गर्न बरिष्ठ पत्रकारको संयोजकत्वमा निर्वाचन समिति गठन गरिनेछ ।

(३) निर्वाचन समितिको काम, कर्तव्य तथा निर्वाचन प्रक्रियाः

(क) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । समितिले कामलाई सहज बनाउन आफैं कार्यविधि तय गर्न सक्नेछ ।

(ख) निर्वाचन समितिले यस विधानको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछ ।

(४) केन्द्रीय समितिको निर्वाचनको हकमा कम्तीमा ३० दिनअघि केन्द्रीय समितिभन्दा बाहिरका विज्ञहरू रहेको निर्वाचन समिति गठन गरिनेछ ।

(५) समितिले तोकेको मितिमा विधिसम्मत र निर्वाचनका आधारभूत सिद्धान्तहरूको परिपालना गरी निर्वाचन सम्पन्न गर्नु निर्वाचन समितिको कर्तव्य हुनेछ ।

(६) निर्वाचन समितिलाई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(७) हरेक तेस्रो वर्षमा निर्वाचन हुने छ । औचित्य पुष्टि हुने गरी विशेष अवस्था उत्पन्न भएमा केन्द्रीय समितिले ३ वर्ष पुगेको दिनदेखि पहिलो पटक बढीमा ६ महिनाभित्र निर्वाचनका लागि अर्को दिन तोक्ने छ । यसरी मिति तोक्दा पनि विविध कारणले काबु वाहिरको अवस्था सिर्जना भई निर्वाचन गर्न असम्भव भएमा प्रदेश र जिल्ला अध्यक्षहरु सम्मिलित राष्ट्रिय भेला आयोजना गरी सोही भेलाको निर्णयवाट समितिले गरेका काम कारवाही वारे आवश्यक निर्णय गर्नुका साथै बढीमा ६ महिनाभित्र निर्वाचन गर्ने गरी मिति तोकिने छ ।

(८) मतगणनाः निर्वाचन सम्पन्न भए लगत्तै सबै तहको मतगणना गर्नुपर्नेछ ।

(९) पुन मतदान : कुनै कारणवस तोकिएको समयमा कुनै शाखा, प्रतिष्ठान वा एशोसिएट संस्थामा मतदान हुन नसकेमा निर्वाचन समितिले २४ घण्टाभित्रै पुन सूचना जारी गरी मतदान गराउने छ । पुन मतदानको सूचना जारी गर्दा पनि मतदान हुन नसकेको अवस्थामा ८५ प्रतिशत शाखा, प्रतिष्ठान र एशोसिएट संस्थाहरुवाट निर्वाचन सम्पन्न भइसकेको अवस्थामा केन्द्र वा प्रदेशको अन्तिम निर्वाचन परिणाम घोषणा गर्न कुनै बाधा पर्ने छैन ।

## परिच्छेद - १०
## विविध

३६. संशोधन : विधानको संशोधन गर्न सकिनेछ ।

३७. संशोधन विधि :

(१) विधान संशोधन प्रस्ताव केन्द्रीय समितिले केन्द्रीय सभामा प्रस्तुत गर्ने छ । केन्द्रीय सभाको कुनै सभासद वा प्रदेश वा शाखाले विशेष प्रस्तावको रूपमा संशोधन प्रस्ताव ल्याउन सक्नेछ र सो प्रस्तावबारे केन्द्रीय समितिले केन्द्रीय सभा हुनुभन्दा कम्तीमा तीस दिनअगाडि लिखित सूचना प्रेषित गर्नेछ ।

(२) प्रस्तावित संशोधन केन्द्रीय सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ मतबाट पारित हुनेछ र त्यसलाई सम्वन्धित अधिकारी वा निकायबाट स्वीकृत भएपश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

(३) संक्रमणकालीन व्यवस्था: विधानको पाँचौ संशोधनद्वारा गठन हुने नयाँ व्यवस्थाको लागि स्थायी संरचना र आधार तय नभएसम्म त्यस्ता संरचनाको स्वीकृति, सञ्चालन र अन्तरिम व्यवस्थापन केन्द्रीय समितिले निर्धारण गरेबमोजिम हुने छ । संक्रमणकालीन अवस्थामा केन्द्र, प्रदेश र शाखा कार्यसमितिको कार्य अवधि थपघट गर्नुपर्ने अवस्था भएमा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्य, प्रदेश अध्यक्ष र शाखा अध्यक्ष संलग्न रहेको राष्ट्रिय भेलाले निर्णय गरे बमोजिम हुने छ ।

३८. नियम बनाउने अधिकार : (१) यस विधानको उद्देश्य पूर्ति गर्न केन्द्रीय समितिले आवश्यक नियम, विनियम, निर्देशिका बनाउन र लागू गर्न सक्नेछ ।

३९. अविच्छिन्नता :

(क) २०१२ चैत १६ गते स्थापना भई राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता भएको नेपाल पत्रकार महासंघलाई संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता लिई क्रियाशील रहेको नेपाल पत्रकार महासंघको अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रुपमा मानिनेछ ।

(ख) यसअघि उल्लेख भएका विभिन्न पद तथा महासंघबाट भए गरेका काम कारबाही यसै विधानबमोजिम भए गरेको मानिनेछ ।

४०. आर्थिक वर्ष : यस महासंघको आर्थिक वर्ष प्रत्येक वर्षको साउन १ गतेदेखि प्रारम्भ भई असार मसान्तमा समाप्त हुनेछ ।

४१. सामान्य छाप र प्रतीक : महासंघको सामान्य छाप र प्रतीक अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४२. महासंघको निर्णय :

(१) यस विधानमा अन्यथा लेखिएकोमा बाहेक बहुमतको निर्णय महासंघको निर्णय मानिनेछ ।

(२) महासंघको महाधिवेशन, केन्द्रीय सभा, समिति तथा अन्य समिति, उपसमिति र शाखाहरूको निर्णय, कार्यवृत्त पुस्तिका (माइन्युट बुक) मा लिपिबद्ध गरिनेछ ।

४३. व्याख्या : यस विधानको अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ ।

४४. महासंघको केन्द्रीय सभाको दुई तिहाई बहुमतले संस्था खारेजीको निर्णय गरेमा प्रचलित कानुनबमोजिम हुनेछ ।

४५. सङ्क्रमणकालीन व्यवस्था : विधान संशोधन पारित हुँदा नेपाल पत्रकार महासंघको मौजुदा कार्यसमितिले विधान अनुसार महाधिवेशन गर्न राष्ट्रिय परिषद् गठन भइनसक्ने अवस्थामा कार्यकालको

**अन्त्यतिर केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, निवर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरु, प्रदेश समितिका पदाधिकारी, प्रत्येक शाखा, प्रतिष्ठान तथा संस्थागत सदस्य संस्थाका अध्यक्ष, महासंघका पूर्व केन्द्रीय सभापति एवम् अध्यक्ष र सल्लाहकारहरुको भेला आयोजना गरिने छ । सोही भेलालाई महाधिवेशन सरह महासंघको नीति निर्माण र कार्ययोजना तय गर्ने तथा केन्द्रीय समितिवाट प्रस्तुत प्रतिवेदनहरु वारे छलफल गरी आवश्यक निर्णय गर्ने अधिकार हुने छ ।**

**अनुसूची १**
**प्रतीक र छाप**
**लोगो**

**अनुसूची २**
**पत्रकार आचारसंहिता, २०७३**

(पहिलो संशोधन, २०७६)

**प्रस्तावना :**

विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रतालगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, संवर्द्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य-मान्यताका आधारमा पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेशागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाइ राष्ट्र र समाजको सर्वोत्तम हितका लागि सबै सञ्चारमाध्यम र पत्रकारलाई लागू हुने गरि प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता २०७३ लाई पहिलो स.शोधन गरि जारी गरेको छ ।

**प्रारम्भिक**

१. **नाम, प्रारम्भ र विस्तार :** (१) यस आचारसंहिताको नाम पत्रकार आचारसंहिता, २०७३ रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त लागू हुनेछ ।

(३) यो आचारसंहिता सबै प्रकारका सञ्चारमाध्यम र पत्रकारलाई लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(१) 'अनलाइन सञ्चारमाध्यम' भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गर्दै इन्टरनेटको माध्यमबाट सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोगमार्फत समाचारमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्बिर, श्रव्यदृश्यको रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ ।

(२) 'अनुगमन उपसमिति' भन्नाले पत्रकार आचारसंहिता अनुगमन उपसमिति सम्झनुपर्दछ ।

(३) 'ऐन' भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनुपर्छ ।

(४) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ ।

(५) 'तोकिए बमोजिम' भन्नाले काउन्सिलबाट तोकिएको वा तोकिएबमोजिमको निर्देशिका, कार्यविधि समेत सम्झनुपर्छ ।

(६) 'पत्रकार' भन्नाले सञ्चारप्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चारसम्बन्धी व्यावसाय वा सेवालाई प्रमुख व्यावसाय अपनाइ पारिश्रमिक लिइ सञ्चारप्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सञ्चारप्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिञ्जर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्ति समेतलाई सम्झनु पर्दछ ।

(७) 'छापासञ्चारमाध्यम' भन्नाले समाचार तथा विचार प्रकाशन गर्ने पत्रपत्रिकालाई सम्झनु पर्छ ।

(८) 'प्रसारण' भन्नाले, इन्क्रीप्ट (**encrypt**) गरिएको वा नगरिएको, सर्वसाधारण वा निश्चित क्षेत्र वा वर्गका जनताले जानकारी पाउन सक्ने गरी पठाइने श्रव्य वा दृश्य, श्रव्यदृश्य, कार्यक्रम, डाटा वा सूचनालाई रेडियो फ्रिक्वेन्सी, इण्टरनेट प्रोटोकल वा अन्य विद्युतीय वा विद्युत प्रकाशीय (**optical**) माध्यमबाट गरिने प्रसारण सम्झनु पर्छ ।

(९) 'बैठक' भन्नाले आचारसंहिता अनुगमन उपसमिति (छापा र विद्युतीय) का बैठक सम्झनुपर्छ र सो शब्दले अनुगमन उपसमितिद्वारा गठन हुने कार्यदलको बैठकसमेतलाई जनाउँछ ।

(१०) 'व्यवस्थापक' भन्नाले कुनै सञ्चारप्रतिष्ठानको कार्यसञ्चालनमा अन्तिम निर्णय गर्ने अधिकारप्राप्त व्यक्ति सम्झनुपर्छ ।

(११) 'सञ्चारमाध्यम' भन्नाले नेपालमा सञ्चालित छापामाध्यम, रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यम र समाचार एजेन्सीलाई सम्झनुपर्छ ।

(१२) 'सदस्य' भन्नाले प्रेस काउन्सिल नेपालका सदस्य सम्झनु पर्दछ । सो शब्दले पत्रकार आचारसंहिता अनुगमन उपसमितिका सदस्यसमेतलाई बुझाउनेछ ।

(१३) 'सम्पादक' भन्नाले आमसञ्चार सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ ।

(१४) 'समाचार समिति' भन्नाले व्यापारिक वा सेवाको उद्देश्यसहित समाचार सङ्कलन, उत्पादन, प्रशोधन, प्रसारण प्रयोजनका साथ सङ्गठित समाचार वितरक संस्था सम्झनु पर्छ ।

(१५) 'संयोजक' भन्नाले आचारसंहिता अनुगमन उपसमितिको संयोजक सम्झनुपर्दछ ।

३. **व्याख्या गर्ने अधिकार :** यस आचारसंहिताको व्याख्या गर्ने अन्तिम अधिकार काउन्सिलमा रहनेछ ।

## पत्रकार र सञ्चारमाध्यमको कर्तव्य

४. **पत्रकार र सञ्चारमाध्यमले देहायअनुसार कर्तव्य पालना गर्नुपर्दछ :**

**(१)** **प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन :** पत्रकार तथा सञ्चारमाध्यमले नागरिकको आधारभूत अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र संवर्द्धनका निम्ति सदैव सत्य-तथ्य सूचना प्रवाह गर्नुपर्दछ ।

**(२)** **मानवअधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान :** (१) पत्रकार तथा सञ्चारमाध्यमले मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र र लिखतहरूले प्रत्याभूत गरेका अधिकार, सिद्धान्त र मान्यताहरूको सम्मान गर्दै लोकतन्त्र, न्याय, समानता, स्वतन्त्रता, समावेशिता, मानवीयता, शान्ति तथा अन्तर्राष्ट्रिय समझदारी र मित्रराष्ट्रहरूबीच भाइचाराको संरक्षण तथा संवर्द्धन गर्नुपर्दछ ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले नागरिकको सुसूचित हुन पाउने अधिकारको रक्षा र प्रचलनका लागि सदैव सक्रिय एवं समर्पित रहनुपर्दछ ।

**(३)** **पेशागत मर्यादा तथा व्यवहार :** (१) पत्रकार तथा सञ्चारमाध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्दछ ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले सूचना वा जानकारीको सङ्कलन र सम्प्रेषण सभ्य र शिष्टरूपमा गर्नुपर्दछ ।

(३) पत्रकार तथा सञ्चारमाध्यमले पेशागत अभ्यासमा सामाजिक शिष्टता र पाठक, श्रोता वा दर्शकको मर्यादाको सम्मान गरी शिष्ट एवं मर्यादित भाषा र कार्यशैलीको प्रयोग गर्नुपर्दछ ।

**(४)** **सामाजिक दायित्व :** पत्रकार तथा सञ्चारमाध्यमले बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका उत्पीडित वर्ग, समुदाय, क्षेत्र, भाषाभाषी र अल्पसङ्ख्यक, लोपोन्मुख समुदायको उत्थान र विकासमा विशेष सहयोग पुऱ्याउने गरी सूचना सम्प्रेषण गर्नुपर्दछ ।

**(५)** **सम्पादकीय स्वतन्त्रताको सम्मान :** (१) समाचार सङ्कलन, सम्पादन वा उत्पादन, प्रस्तुति तथा सम्प्रेषणसम्बन्धी अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित हुनेछ । सम्पादकीय स्वतन्त्रताको यही सर्वमान्य सिद्धान्तबमोजिम सञ्चारमाध्यम र पत्रकारले कुनै प्रकारको दबाब र प्रभावबाट मुक्त रही स्वतन्त्रतापूर्वक सूचना सङ्कलन र समाचार, विचार तथा टिप्पणीको प्रकाशन-प्रसारण गर्नुपर्दछ ।

(२) सम्पादकीय स्वतन्त्रताको सिद्धान्तलाई आत्मसात् गरि सञ्चारमाध्यमका सञ्चालक र व्यवस्थापकले समाचार सङ्कलन, सम्पादन, प्रस्तुति र सम्प्रेषणमा कुनै प्रकारको हस्तक्षेप वा प्रभाव नपारी सम्पादकीय स्वतन्त्रताको उच्च सम्मान, संरक्षण र संवर्द्धन गर्नुपर्दछ ।

(६) **सत्य-तथ्य र सन्तुलित सूचना सम्प्रेषण :** (१) पत्रकार तथा सञ्चारमाध्यमले सत्य-तथ्य र सन्तुलित समाचार सामग्री सम्प्रेषण गर्नुपर्दछ । यसरी सम्प्रेषण गर्दा सम्बन्धित पक्षको भनाइलाई उचित स्थान दिनु पर्दछ ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले सामाजिक सञ्जालमार्फत प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारीहरू सत्य तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनुपर्दछ ।

(३) सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताहरूले प्रकाशन गरेको जानकारी वा विचार/कमेन्टहरूलाई शेयर वा रिट्विट गरि पुन प्रकाशन गर्दा पत्रकार तथा सञ्चारमाध्यमले आफूले प्रकाशन गरेसरह तथ्यजाँच गरि निष्पक्षतालाई समेत ख्याल गरि सम्प्रेषण गर्नुपर्दछ ।

(७) **समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण :** (१) पत्रकार तथा सञ्चारमाध्यमले पाठक, श्रोता वा दर्शकमा भ्रम वा संशय उत्पन्न नहुने गरि समाचार, लेख, विचार र प्रायोजित सामग्री वा विज्ञापनबीच स्पष्ट अन्तर हुनेगरि सम्प्रेषण गर्नु, गराउनुपर्दछ ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले विज्ञापनलाई विज्ञापन कै रूपमा र समाचारलाई समाचारकै रूपमा प्रस्तुत गर्नुपर्दछ ।

(३) पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने तथा आधिकारिकता पुष्टि हुने गरि विज्ञापन प्रकाशन वा प्रसारण गर्नुपर्दछ ।

(८) **गोप्य स्रोतको संरक्षण :** (१) समाचारको विश्वसनीयताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । स्रोत उल्लेख गर्दा स्रोतलाई गम्भीर क्षति हुने देखिएमा स्रोतको नाम वा पहिचान गोप्य राखी संरक्षण गर्नुपर्दछ ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले अन्य सञ्चारमाध्यमबाट प्रकाशित वा प्रसारित सामग्री उपयोग गर्दा अनिवार्यरूपमा मूल स्रोत उध्दृत गरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नुपर्दछ । यसरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्दा सहमति वा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको भएमा मूल स्रोतसँग सहमति लिएरमात्र प्रकाशन प्रसारण गर्नुपर्दछ ।

(९) **गोपनीयताको हकको सम्मान :** पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको गोपनीयताको हकको सम्मान गर्नुपर्दछ । तर सार्वजनिक हितमा त्यस्तो सूचना वा सामग्री सम्प्रेषण भएमा गोपनीयताको हकको सम्मान प्रतिकूल भएको मानिनेछैन ।

(१०) **भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता :** पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि प्रायोजित भ्रमण तथा लेखनवृत्ति ग्रहण गरि तयार पारिएका सामग्रीको प्रायोजन वा वृत्ति लिइएको बारेमा सोही सामग्रीमा स्पष्ट खुल्ने गरि प्रकाशन वा प्रसारण गर्नुपर्दछ ।

(११) **राष्ट्रिय विपद्मा संयम :** पत्रकार तथा सञ्चारमाध्यमले प्राकृतिक विपद्, विशेष संवेदनशील अवस्था वा घटनाका सम्बन्धमा समाचार सामग्री सङ्कलन र सम्प्रेषण गर्दा संयमित भई व्यक्तिको जीवनमाथिको खतरा, मानवीय संवेदना, सार्वजनिक सुरक्षा, जनस्वास्थ्य, सामाजिक सद्भावजस्ता विषयमा विशेष संवेदनशीलता र सतर्कता अपनाउनुपर्दछ ।

(१२) **<u>मत सर्वेक्षणमा सतर्कता :</u>** पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि मत सर्वेक्षण वा अनुसन्धानमूलक सामग्रीको समाचार वा समाचारमूलक सामग्री तयार पार्दा अनुसन्धानको विधि उल्लेख गर्नुपर्दछ । यस्तो मत सर्वेक्षण गर्दा सर्वेक्षणको प्रायोजक, औचित्य र पृष्ठभूमिजस्ता विषय खुलाइ प्रस्तुत गर्नुपर्दछ ।

(१३) **<u>अन्तर्वार्तामा सजगता :</u>** पत्रकारले अन्तर्वार्ता दिने व्यक्तिलाई निजका भनाइहरू कुन सन्दर्भ, माध्यम र प्रयोजनका निम्ति प्रयोग गरिनेछ भन्ने विषयको पूर्व जानकारी दिएर शिष्ट एवं सम्मानजनक रूपमा अन्तर्वार्ता लिनु पर्दछ ।

(१४) **<u>गल्ती सच्याउन तत्परता :</u>** (१) पत्रकार तथा सञ्चारमाध्यमले समाचार तथा विज्ञापन सम्प्रेषण गर्दा सार्वजनिक सरोकार र संवेदनशीलतालाई सदैव ख्याल गर्नुपर्दछ । त्यस्ता सामग्रीको सत्यतामाथि प्रश्न उठ्नासाथ अनुसन्धान गर्नु, त्रुटि एवं गल्ती भएको जानकारी हुनासाथ यथाशीघ्र सच्याउनु तथा प्रकाशित वा प्रसारित सामग्री असत्य हो भन्ने सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिइ प्रकाशन वा प्रसारण गर्नुपर्दछ ।

(२) सामान्यतः कुनै एउटा सञ्चारमाध्यमबाट प्रकाशित वा प्रसारित समाचारको खण्डन पीडित पक्षले सोही सञ्चारमाध्यममार्फत् गर्नुपर्दछ ।

तर, सार्वजनिक स्वास्थ्य र सुरक्षा जस्ता संवेदनशील विषयमा तत्काल गम्भीर असर पार्ने अवस्थामा भने अन्य सञ्चारमाध्यममार्फत खण्डन, टिप्पणी वा स्पष्ट गर्न सकिनेछ ।

## पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने

**५. पत्रकार र सञ्चारमाध्यमले देहायअनुसार कार्यहरू गर्नुहुँदैन :**

(१) **<u>सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने :</u>** पत्रकार तथा सञ्चारमाध्यमले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनताविरूद्ध एवं विभिन्न जात-जाति, धर्म, सम्प्रदाय, भाषा, संस्कृतिबीचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

(२) **<u>भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण :</u>** (१) पत्रकार तथा सञ्चारमाध्यमले जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्थाजस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरि समाचार सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले त्रसित पार्ने, धम्क्याउने, अनुचित आर्थिक फाइदा उठाउने, व्यक्तिगत स्वार्थपूर्ति गर्ने र कसैलाई अनुचित लाभ वा हानि पुऱ्याउने नियत राखी पत्रकारिताको पेशागत मर्यादा प्रतिकूल कार्य गर्नुहुँदैन ।

(३) पत्रकार परिचयपत्र वा प्रेस प्रतिनिधि प्रमाणपत्र वा सञ्चारमाध्यमको अनुमतिपत्रलाई व्यक्तिगत स्वार्थ वा अवाञ्छित काममा प्रयोग गर्नुहुँदैन ।

(४) पत्रकार तथा सञ्चारमाध्यमले संघ, प्रदेश र स्थानीय सरकारबीचको सम्बन्ध र सामाजिक सद्भावमा गम्भीर असर पार्ने गरी समाचार सम्प्रेषण गर्नुहुँदैन ।

(३) **हिंसा, आतङ्क, अश्लीलता र अपराधलाई प्रश्रय हुने :** पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, आतङ्क र अपराधलाई प्रश्रय हुने वा आत्महत्या गर्न उक्साउने, अश्लील, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

(४) **पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण :** (१) पत्रकार तथा सञ्चारमाध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेका व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरि वा सार्वजनिक संवेदनशीलतामा प्रतिकूल असर पर्ने गरि कुनै पनि विवरण, चित्र, सङ्केत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवताविरोधी अपराधबाट प्रभावित व्यक्ति **(Surviver)** वा पीडित व्यक्ति **(Victim)** लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको सचेत स्वीकृति बिना र प्रभावको मूल्याङ्कन नगरी प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको समेत नाम, ठेगाना र पहिचान खुलाउनुहुँदैन ।

(५) **घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख :** (१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम असान्दर्भिकरूपमा जोडी कसैको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरि कुनै पनि सामग्री प्रस्तुत गर्नुहुँदैन ।

(२) यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मूल्याङ्कन बिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य उत्पादन, वितरण वा प्रकाशन-प्रसारण गर्नुहुँदैन ।

(६) **बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण :** पत्रकार तथा सञ्चारमाध्यमले समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका साथै हत्या, आत्महत्या, बलात्कार, दुर्घटना जस्ता कारणबाट सृजित नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्बिरहरू सम्प्रेषण गर्नुहुँदैन ।

(७) **फोटो तथा दृश्यको गलत प्रयोग :** (१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै टिप्पणी वा स्पष्टता बिना तस्बिर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरि पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने वा असान्दर्भिक हुने गरि सामग्री प्रकाशन वा प्रसारण गर्नुहुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले साजसज्जाका क्रममा वास्तविकताभन्दा अलग देखिने गरी नक्कली वा बनावटी किसिमले अलग-अलग फोटोहरू मिलाउन, छाँटकाँट वा तोडमोड गर्नहुँदैन । मोडलिङ वा अभिनय वा रेखाचित्र वा कोलाज गरेर कुनै फोटो वा दृश्य तयार गरिएको खण्डमा पाठक, दर्शक वा श्रोता नभुक्किने गरि सो कुरा स्पष्ट उल्लेख गर्नुपर्दछ ।

(८) **पोस्ट डिलिट :** (१) अनलाइन सञ्चारमाध्यमले सामग्री सम्प्रेषण गर्दा पहिले नै राखिएको जस्तो देखाउने गरि पुरानो मिति र समय उल्लेख गर्न र एकपटक प्रकाशित सामग्री प्रकाशन पश्चात्

हटाउन (एयकत म्भभितभ गर्न) हुँदैन । तर असावधानीवश पोस्ट हुन गएका गम्भीर क्षति पुऱ्याउने खालका सामग्री हटाउँदा त्यस्तो सामग्रीको प्रकृति खुलाइ क्षमायाचना गर्नुपर्दछ ।

(२) प्रकाशित सामग्रीमा प्राप्त हुने असान्दर्भिक, अमर्यादित, अश्लील टिप्पणी वा सामग्रीलाई स्थान दिनुहुँदैन । सम्प्रेषण भएका टिप्पणी वा प्रतिक्रियाको जिम्मेवारी सम्बन्धित सञ्चारमाध्यमको हुनेछ ।

**(९)** **<u>अनुचित दबाब वा सम्बन्ध :</u>** (१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि सामग्री सङ्कलन वा सम्प्रेषण गर्दा अनुचित प्रभाव पार्न खोज्ने विज्ञापनदाता, प्रायोजक, समाचारका स्रोत, व्यक्ति वा समूह कसैको पनि प्रत्यक्ष वा परोक्ष दबाब वा प्रलोभनमा पर्नुहुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले समाचारस्रोतसँग पेशागत मर्यादा विपरीत सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थपूर्तिका लागि सञ्चारमाध्यमको दुरूपयोग गर्नुहुँदैन ।

**(१०)** **<u>प्रविधिको अदृश्य प्रयोग :</u>** (१) पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि प्रविधिको अदृश्यरूपमा प्रयोग गर्नुहुँदैन ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक हितका लागि प्रविधिको गोप्यरूपमा प्रयोग गर्नुपरेमा त्यसरी सङ्कलित सामग्री प्रस्तुत गर्दा पाठक, श्रोता वा दर्शकलाई जानकारी दिनुपर्दछ ।

**(११)** **<u>न्याय निरूपणमा प्रभाव :</u>** पत्रकार तथा सञ्चारमाध्यमले न्यायिक निकायमा विचाराधीन मुद्दाको स्वच्छ सुनुवाइ प्रक्रिया वा निर्णयमा प्रतिकूल असर पार्ने गरि कुनै पनि सामग्री सम्प्रेषण गर्नुहुँदैन ।

**(१२)** **<u>पेशागत मर्यादा विपरीत उपहार तथा पुरस्कार ग्रहण :</u>** (१) पत्रकार तथा सञ्चारमाध्यमले पेशागत मर्यादा तथा दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि सरकारी, गैरसरकारी निकाय, व्यापारिक प्रतिष्ठान, संघसंस्था वा व्यक्तिबाट कुनै पनि प्रकारका उपहार वा विशेष सुविधा लिनुहुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले पेशागत मर्यादा, व्यावसायिकता र दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै प्रकारका पुरस्कार वा सम्मान ग्रहण गर्नुहुँदैन ।

**(१३)** **<u>मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर :</u>** (१) पत्रकार तथा सञ्चारमाध्यमले अशक्त, असहाय, अल्पसङ्ख्यक, महिला तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिबारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरूको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन हुँदैन ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले बालबालिकासम्बन्धी सामग्री सङ्कलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्यहरू गर्नुहुँदैन ।

**(१४)** **<u>जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जना :</u>** पत्रकार तथा सञ्चारमाध्यमले व्यक्तिको स्वास्थ्य, महामारी लगायत जनस्वास्थ्यसँग सरोकार भएका विषयसम्बन्धी सामग्री पाठक, श्रोता वा दर्शकमा उत्तेजना वा निराशा उत्पन्न हुनेगरि अतिरञ्जित तवरमा सम्प्रेषण गर्नुहुँदैन ।

## उजुरी र कारबाही

**६.** **<u>उजुरी र कारबाहीसम्बन्धी व्यवस्था :</u>**

(१) कुनै पत्रकार वा सञ्चारमाध्यमले यो आचारसंहिता उल्लङ्घन गरेमा सोसम्बन्धी उजुरी तथा कारबाही प्रक्रिया देहायबमोजिम हुनेछ :

(क) कुनै सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचार सामग्री तथ्यहीन, भ्रामक र असन्तुलित भएको लागेमा सोबाट असर पर्ने व्यक्ति, समुदाय वा संस्थाले सम्बन्धित सञ्चारमाध्यममा आफ्नो प्रतिक्रिया वा खण्डन पठाउन सक्नेछ । प्रतिक्रिया वा खण्डन बुँदागत रूपमा स्पष्ट, संक्षिप्त, तथ्यपरक, शिष्ट र मर्यादित हुनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्रतिक्रिया वा खण्डन प्राप्त भएपछि त्यसलाई उचित स्थान दिई यथाशीघ्र प्रकाशन वा प्रसारण गर्नु सम्बन्धित सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

(ग) खण्ड (ख) बमोजिम सम्बन्धित सञ्चारमाध्यमले प्रतिक्रिया वा खण्डन प्रकाशन वा प्रसारण नगरेमा वा चित्तबुझ्दो जवाफ नदिएमा मर्का पर्ने पक्षले पैंतीस दिनभित्र काउन्सिलमा उजुर गर्न सक्नेछ। म्यादभित्र उजुर गर्न नसकेको मुनासिब कारणसहित उजुर गरेमा काउन्सिलले म्याद नाघेपछि पनि त्यस्तो उजुरी लिन सक्नेछ ।

(२) उपदफा (१)(ग) बमोजिमको उजुरीमा देहायबमोजिमको विवरण र प्रमाण संलग्न गर्नुपर्नेछ :-

(क) प्रकाशित वा प्रसारित सामग्रीको प्रतिलिपि;

तर, उजुरीकर्ताले त्यस्तो विवरण संलग्न गर्न सम्भव नभएको व्यहोरा उल्लेख गरि दिएको उजुरी मुनासिब देखिए काउन्सिल आफैंले सम्बन्धित सञ्चारमाध्यमसँग अभिलेख झिकाइ वा काउन्सिलमा रहेको अभिलेखका आधारमा सुनुवाइ गर्न सक्नेछ ।

(ख) त्यस्तो सामग्रीबाट हुन गएको आचारसंहिता उल्लङ्घन वा पर्न गएको नकारात्मक प्रभावको विवरण;

(ग) सम्बन्धित सञ्चारमाध्यम समक्ष दिएको प्रतिक्रिया वा खण्डनको प्रतिलिपि

(घ) सम्बन्धित सञ्चारमाध्यमले त्यससम्बन्धमा कुनै जवाफ दिएको रहेछ भने त्यसको विवरण;

(ङ) सम्बद्ध अन्य सामग्री वा विवरण ।

(३) उपदफा (१)(क) (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि अविलम्ब खण्डन प्रकाशित नहुँदा आफूलाई अपूरणीय क्षति पुग्ने भनी मर्का परेको पक्ष वा सरोकारवालाले खण्डनसहित प्रेस काउन्सिलमा निवेदन दिएमा काउन्सिलले सो खण्डन प्रकाशन वा प्रसारणका लागि सम्बन्धित सञ्चारमाध्यममा पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिक्रिया वा खण्डन प्राप्त भएपछि त्यसलाई उचित स्थान दिई यथाशीघ्र प्रकाशन वा प्रसारण गर्नु सम्बन्धित सञ्चारमाध्यमको कर्तव्य हुनेछ। खण्डन प्रकाशन गर्न नसकिने कारण भए सम्बन्धित सञ्चारमाध्यमले आधार र कारणसहित सात दिनभित्र काउन्सिलमा जवाफ दिनुपर्नेछ । जवाफ चित्तबुझ्दो नलागेमा सम्बन्धित सञ्चारमाध्यमलाई खण्डन प्रकाशन, प्रसारण गर्न काउन्सिलले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित सञ्चारमाध्यमले प्रतिक्रिया वा खण्डन प्रकाशन वा प्रसारण नगरेमा वा चित्तबुझ्दो जवाफ नदिएमा यो आचारसंहिता अनुसार काउन्सिलले कारबाही गर्न सक्नेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) जुनसुकै कुरा लेखिएको भए तापनि आरोपित पक्षलाई म्याद/सूचना पठाउनुपूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै

सच्याउनुपर्ने, खण्डन गर्नुपर्ने वा क्षमायाचना गर्नुपर्ने वा मुनासिब जवाफ पठाउन लगाउने जस्ता आवश्यक निर्देशन सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई दिन सक्नेछ ।

(७) कुनै सञ्चारमाध्यमले आफ्नो चरित्र, सामाजिक प्रतिष्ठामा गम्भीर चोट पुऱ्याउन आचारसंहिता गम्भीर उल्लङ्घन गरि नियतवश समाचार सम्प्रेषण गरेको हुँदा खण्डन मात्र पर्याप्त नहुने भनी मर्का पर्ने पक्षले आधार प्रमाणसहित उजुरी दिएमा छानबिन गरी उजुरीको व्यहोरा सत्य-तथ्य देखिएमा काउन्सिलले सम्बन्धित सञ्चारमाध्यमलाई क्षमायाचनाका लागि निर्देशन दिन सक्नेछ ।

(८) काउन्सिलको स्वअनुगमनबाट कुनै सञ्चारमाध्यम वा पत्रकारले राष्ट्रिय सार्वभौमसत्ता, सार्वजनिक हित, शिष्टाचार वा जनसरोकारका विषयमा आचारसंहिता उल्लङ्घन गरेको पाइएमा छानबिन गरी काउन्सिलले आवश्यक कारबाही गर्न सक्नेछ ।

(९) काउन्सिलले उपदफा (१)(ग) बमोजिमको उजुरी तथा उपदफा (५), (७) र (८) बमोजिमको कारबाहीका सम्बन्धमा सबुत प्रमाण बुझी सामान्यतया तीस दिनभित्र निर्णय गर्नेछ ।

(१०) काउन्सिलले उपदफा (९) बमोजिम निर्णय गर्नुअघि सम्बन्धित विषयमा सबुत प्रमाण बुझ्ने, आवश्यक कागजात र प्रमाण सम्बन्धित पक्षबाट पेश गर्न लगाउने वा निरीक्षण र तत्सम्बन्धी जाँचबुझ गर्ने-गराउने, सम्बन्धित पक्षलाई बोलाई त्यससम्बन्धी सत्य-तथ्य पत्ता लगाउने जस्ता कार्य गर्न सक्नेछ ।

## ७. कारबाही तथा निर्णय :

(१) यो आचारसंहिताको दफा ४ को पालना नगरेमा वा दफा ५ को उल्लङ्घन गरेमा वा काउन्सिलको निर्णय वा निर्देशन नमानेमा उल्लङ्घनको गम्भीरताका आधारमा सम्बन्धित पत्रकार वा सञ्चारमाध्यमलाई काउन्सिलले देहायबमोजिम एक वा सोभन्दा बढी कुनै पनि कारबाहीको निर्णय गर्न सक्नेछ :

(क) खण्डन प्रकाशन/प्रसारण, भुलसुधार तथा क्षमायाचना गर्न निर्देशन दिने;

(ख) ध्यानाकर्षण वा सचेत गराउने ।

(ग) मूल्याङ्कन वर्गीकरण प्रक्रियाबाट अलग गर्ने, लोककल्याणकारी विज्ञापनलगायत अन्य सुविधाबाट वञ्चित गर्ने वा सूचीकरणबाट हटाउने

(घ) प्रेस प्रतिनिधि प्रमाणपत्र वा प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने;

(ङ) सरकारी वा कुनै पनि सार्वजनिक निकायका तर्फबाट उपलब्ध गराइने कुनै पनि प्रकारका विज्ञापन वा सुविधाहरू निश्चित अवधिका लागि उपलब्ध नगराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने;

(च) कुनै पनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने;

(छ) गम्भीररूपमा आचारसंहिता उल्लङ्घन गर्ने पत्रकार र सञ्चारमाध्यमलाई थप कारबाहीका लागि नेपाल पत्रकार महासंघ र सम्बन्धित सञ्चारसंस्थामा सिफारिस गर्ने ।

(ज) काउन्सिलको निर्णय वा निर्देशन अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यमप्रति खेद प्रकट गर्ने, अवज्ञाकारी, कालोसूचीमा राख्ने र पटक-पटक गरिएका कारबाहीको विवरण तत्काल वा आवश्यकता अनुसार सार्वजनिक गर्ने ।

२. उजुरीकर्ताबाट प्राप्त खण्डन वा प्रतिकिया वा उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनःउत्पादन-वितरण गर्न निर्देशन दिन सक्नेछ ।

३. उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना नगरेमा काउन्सिलले सम्बन्धित पत्रकार र सञ्चारमाध्यमलाई अवज्ञाकारी, कालोसूचीमा राखी थप प्रक्रिया अगाडि बढाउन सक्नेछ । काउन्सिलको निर्देशनलाई तीन पटकभन्दा बढी अवज्ञा गर्ने सञ्चारमाध्यम मूल्याङ्कन वर्गीकरण नगर्न, लोककल्याणकारी विज्ञापन वा यस्तै अन्य सुविधा निश्चित अवधिका लागि रोक्का गर्न सिफारिस गर्ने वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहेछ भने प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

४. उपदफा (३) बमोजिम कारबाही भएपछि पनि काउन्सिलको निर्देशन पालना नगरेमा काउन्सिल वा नेपाल सरकार वा सार्वजनिक निकायको तर्फबाट उपलब्ध हुने सुविधाहरु निश्चित अवधिका लागि निलम्बन गर्नुका साथै कुनैपनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउनका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने ।

५. अनलाइन सञ्चारमाध्यममा सम्प्रेषित कुनै सामग्रीले आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको ठहर भएमा निश्चित अवधि तोकि त्यस्ता सामग्री नदेखिने गरी रोक लगाउन सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ ।

६. उजुरी वा स्वअनुगमनबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गरेको देखिन आएमा सो विषयमा सुधार गर्न, आइन्दा त्यस प्रकारका सामग्री सम्प्रेषण नगर्न नगराउन र आचारसंहिता पालनामा सजग रहन ध्यानाकर्षण एवं विषयको गम्भीरताका आधारमा सचेत गराउन सक्नेछ ।

७. काउन्सिलले आवश्यक ठानेमा माथि उल्लेखित बुँदामध्ये एकैपटक दुई वा सोभन्दा बढी कारबाही गर्न सक्नेछ ।

८. महिलाको इज्जत, प्रतिष्ठा र बालबालिकासम्बन्धमा प्रकाशित सामग्रीहरूको हकमा विषयको गम्भीर्यता हेरी काउन्सिलले दुई पक्षलाई झिकाएर तत्काल छलफल गराउन सक्नेछ । काउन्सिलले आवश्यकता अनुसार सम्बन्धित पक्षहरूका बीच मेलमिलाप गराउन सक्नेछ ।

८. **कारबाहीका लागि सिफारिस गर्न सक्ने :** सरकारी, गैरसरकारी निकायका पदाधिकारी वा अन्य व्यक्तिले प्रेस स्वतन्त्रता वा संविधानप्रदत्त सञ्चारसम्बन्धी हक हनन् गरेको उजुरी परेमा वा काउन्सिलको स्वअनुगमनबाट त्यस्तो पाइएमा काउन्सिलले उपयुक्त कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ । कारबाहीको सिफारिस गर्नुअघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइको मौका दिनुपर्नेछ ।

## विविध

९. **स्वनियमन र स्वमूल्याङ्कन:** (१) प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्ना लागि आचारसंहिता बनाइ सोको स्वनियमन र स्वमूल्याङ्कन गर्नेछन् । यसका लागि सञ्चारमाध्यमले आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेका स्वतन्त्र विज्ञहरु रहेको सञ्चार स्वनियमन समिति गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले सम्बन्धित सञ्चारमाध्यमको आचारसंहिता निर्माण, गुणस्तर सुधार र प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहीता पालना गर्न गराउन स्वनियमन र स्वमूल्याङ्कन गर्नेछ । समितिले यससम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुका साथै अभिलेखका लागि प्रेस काउन्सिलसमक्ष पेश गर्नेछ ।

**१०. आचारसंहिता अनुगमन उपसमिति गठन गर्न सक्ने :** (१) आचारसंहिता उल्लङ्घनका विषयमा उजुरीको सुनुवाइ र छानबिन गरी आवश्यक निर्णय गर्न काउन्सिलले आचारसंहिता अनुगमन उपसमिति गठन गर्न सक्नेछ ।

(२) पत्रकार तथा सञ्चारमाध्यमले आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा आचारसंहिता अनुगमन उपसमितिले आवश्यकता अनुसार काउन्सिलका पदाधिकारी वा काउन्सिलका कर्मचारी वा अन्य तत्सम्बन्धी विषयका विज्ञलाई छानबिन र अनुगमनका लागि खटाउन सक्नेछ ।

**११. आन्तरिक आचारसंहिता र कार्यविधि बनाउन सक्ने :** काउन्सिलले यस आचारसंहिताले गरेको व्यवस्थाको अधीनमा रही काउन्सिलका अध्यक्ष, सदस्य र कर्मचारीहरुका लागि आन्तरिक आचारसंहिता बनाइ लागू गर्न सक्नेछ । यसैगरी उजुरी र कारबाहीका लागि यससम्बन्धी आवश्यक कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

१२. **निर्वाचन आचारसंहिताको पालना :** प्रेस काउन्सिल नेपालले निर्वाचनका क्रममा पत्रकार तथा सञ्चारमाध्यमका लागि निर्वाचन आचारसंहिता जारी गर्न सक्नेछ ।

१३. अनलाइन सञ्चारमाध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन-प्रसारण वा बाह्य लिङ्कहरूलाई प्रकाशित गर्नुअघि तिनको विश्वसनीयता परीक्षण गर्नुपर्नेछ र प्रकाशित वा प्रसारित भएका सामग्री अनलाइनमा रहिरहने व्यवस्था गर्नुपर्दछ । तर मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य र सुरक्षा, सामाजिक सद्भाव जस्ता गम्भीर असर पर्ने सामग्री हटाउन काउन्सिलले निर्देशन दिन सक्नेछ ।

१४. **प्रवृत्तिगत अध्ययन गर्ने** : काउन्सिलले सञ्चारमाध्यमको रूपमा अभिलेख नभएका अनलाइन र पत्रकार एवं सञ्चारमाध्यमले प्रयोग गर्ने (सञ्चालन गर्ने) सामाजिक सञ्जालमा प्रवाह भएका सामग्रीको प्रवृत्ति अध्ययन गर्न सक्नेछ । यसरी गरिएको अध्ययनको प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक गर्नुपर्नेछ ।

**१५. अभिन्न अङ्ग मानिने :** यो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार तथा सञ्चारमाध्यमका निमित्त जारी गरिने आचारसंहितासम्बन्धी विशिष्टीकृत निर्देशिकाहरू यस आचारसंहिताको अभिन्न अङ्ग मानिनेछन् ।

**१६. खारेजी तथा बचाउ :** (१) पत्रकार आचारसंहिता, २०६० (संशोधित तथा परिमार्जित, २०६४) खारेज गरिएको छ ।

(२) पत्रकार आचारसंहिता, २०६० (संशोधित तथा परिमार्जित, २०६४) बमोजिम भए गरेका सम्पूर्ण काम-कारबाहीहरू यसै आचारसंहिताबमोजिम भए गरेको मानिनेछ ।

(३) यो आचारसंहिता जारी हुनुपूर्व काउन्सिलमा परेका आचारसंहितासँग सम्बन्धित उजुरीहरूको कारबाही र किनारा यस आचारसंहिताबमोजिम गरिनेछ ।